मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : २८ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ मंसीर २८ गते शनिवार (Saturday, December 14. 2019) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

सूचना

'खुलेर बोलौं विभेद रोकौं'
'महिला हिंसाविरुद्ध शून्य सहिष्णुता कायम गरौं'
'दमनको प्रतिवाद गरी महिला हिंसा अन्त्य गरौं'

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## अर्कैको नाममा लाइसेन्सको परीक्षा दिने पक्राउ

**ललितपुर, मंसीर २७।** अर्कैको नाममा सवारी चालक अनुमतिपत्रको लिखित परीक्षा दिन आएका सल्यान घर भई हाल धादिङ नौबिसे बस्ने २२ वर्षीय अञ्जन खत्री समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ।

ललितपुर महानगरपालिका-१३ कुसुन्तीस्थित यातायात कार्यालयमा धनकुटा घर भई ललितपुर झरुवारासी बस्ने ४७ वर्षीय जुनबहादुर लिम्बूको नाममा परीक्षा दिने उनीहरु पक्राउ परेका हुन्। उनीहरुलाई महानगरीय ट्राफिक महाशाखाबाट खटिएको प्रहरीले विहीवार नियन्त्रणमा लिई अनुसन्धानका लागि महानगरीय प्रहरी वृत्त सातदोबाटोमा बुझाएको छ।

## बोल्न नसक्ने महिलालाई जवरजस्ती करणी !

**मकवानपुर, मंसीर २७।** बोल्न नसक्ने ४८ वर्षीया एक महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा एक जना पक्राउ परेका छन्।

पक्राउ पर्नेमा हेटौंडा उपमहानगरपालिका-११ नवलपुर बस्ने ४५ वर्षीय जेठा मोक्तान भन्ने जयबहादुर मोक्तान रहेको प्रहरीले जनाएको छ। ती महिलाको घर नजिकै आँपघारीमा लगेर जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

# 'प्राविधिक र वैज्ञानिक धारमा शिक्षा'

**भद्रपुर, मंसीर २७।** अर्थमन्त्री डा. युवराज खतिवडाले आर्थिक तथा व्यवसायिक उपार्जनको आधारमा अबको शिक्षा प्रणालीलाई प्राविधिक र वैज्ञानिक बनाउन सरकार लागीपरेको बताएका छन्।

झापाको भद्रपुरस्थित मेची बहुमुखी क्याम्पसको प्रशासकीय भवन उद्घाटन, महिला छात्रावास र मानविकी भवन तथा बौद्धिक बाटिकाको शिलान्यास गर्दै अर्थमन्त्री खतिवडाले राष्ट्रिय शिक्षा नीति भर्खरै सार्वजनिक भइसकेको बताए। अबको शिक्षा नीतिलाई प्राविधिक र बैज्ञानिक बनाउन सरकार त्यसतर्फ लगानी गर्न योजनामा रहेको उनले जानकारी दिए।

देशको आर्थिक वृद्धिदरको प्रसंगमा बोल्दै अर्थमन्त्री खतिवडाले भने- 'नेपालसहित अन्य दशवटा मुलुक छोटो आर्थिक वृद्धिदरमा रहेको इकोनिष्ट भन्ने पत्रिकाले छापेको छ।' 'बार्षिक ६-७ प्रतिशत आर्थिक बृद्धिदर र पत्रिकाले छापेको कुराले पुग्दैन'- उनले भने- 'देशलाई समग्र आर्थिक समृद्धिको बाटोमा लैजानुपर्छ, अहिले पनि झण्डै १७ प्रतिशत नेपाली गरिबीको रेखामुनि छन्, उनीहरुलाई गरिबीबाट माथि ल्याउनुछ।'



देशमा अशिक्षा, स्वास्थ्य, खानेपानी, नवीकरणीय ऊर्जाको समस्या रहेको बताउँदै उनले भने- 'यी क्षेत्रको समाधानसँगै राज्यको क्षमता बढाउन आर्थिक बृद्धिदर उच्च पार्नुपर्छ, त्यसका लागि निजी, समुदायिक र सबै क्षेत्रको सहयोग आवश्यक छ त्यसैले सरकार त्यसतर्फ उन्मुख रहेको छ।' 'तत्कालीन जिविस, नगर तथा गाउँपालिका अन्तर्गतका विकास निर्माणका 'कामहरुमा ढिलासुस्ती र कतिपय संरचना ठप्प बनेको अवस्था छ'- उनले भने- 'संघीयता सरकार गए पनि वित्तीय व्यवस्थापनमा समस्या भएको हुँदा ती कामहरुमा अवरोध भएकै हो, वित्तीय व्यवस्थापन हुनासाथ निर्माण कार्यले पनि तीव्रता पाउँछ।'

त्यस्तै नेपाली कांग्रेसका नेता एवम् पूर्व उपप्रधानमन्त्री कृष्णप्रसाद सिटौलाले जबसम्म संघीय सरकारले शिक्षा सम्बन्धी मापदण्डसहित शिक्षा ऐन ल्याउँदैन तबसम्म शिक्षा क्षेत्रमा अराजक बढ्दै जाने बताए। 'संघीय सरकारले शिक्षा ऐन ल्याउनुपर्छ'- नेता सिटौलाले भने- 'अनि मात्र शिक्षा क्षेत्रमा देखिएको अराजकतामा कमी आउँछ र प्रदेश तथा स्थानीय सरकारले पनि बाझिने गरी शिक्षा ऐन ल्याउन पाउँदैनन्।'

अर्थमन्त्री खतिवडालाई लक्षित गर्दै नेता सिटौलाले भने- 'भद्रपुरमा निर्माणाधीन अवस्थामा रहेको १४ करोड लागतको गिरिजाप्रसाद स्मृति भवनको काम किन रोकिएको हो, यसतर्फ सरकार किन ध्यान दिँदैन, यो भवन सरकारकै हो, कुनै व्यक्ति वा पार्टीको होइन।' स्मृति भवन निर्माणको काम तत्काल सुचारु गराउन उनले अर्थमन्त्री समक्ष आग्रह समेत गरेका थिए।

मेची बहुमुखी क्याम्पस सञ्चालक समितिका अध्यक्ष

*(बाँकी अन्तिम पृष्ठमा)*

# गोप्य-पत्र: कालापानीलाई नेपाली भूभाग स्वीकार

**झापा, मंसीर २७।** नेपाल-अंग्रेज युद्ध समाप्तिपछि सुगौली सन्धि हुनुअघि नै तत्कालीन इस्ट इण्डिया कम्पनी महाकाली नदीलाई नेपालसँगको सीमाना मान्न तयार रहेको एउटा पुरानो दस्तावेजले देखाएको छ।

सन् १८१५मा तात्कालीन इस्ट इण्डिया कम्पनीका गभर्नर जनरल लर्ड मोइराले ब्रिटिस सरकारको एउटा कमिटीलाई लेखेको गोप्य-पत्रमा काली नदीलाई उपनिवेशकालीन भारत र नेपालको सीमाका रूपमा स्वीकार गरेका थिए। कुमाउ युद्धमा आफ्ना सैनिकले गौर्खाली फौजलाई हराएपछि लेखिएको उक्त पत्रमा स्पष्टसँग सीमा किटान गरिएको छ।

उक्त बेहोरासहितको पत्र लेखिएको झण्डै १० महिनापछि नेपाल र इस्ट इण्डिया कम्पनीबीच सुगौली सन्धि भएको थियो। सन्धिको पाँचौ बुँदामा नेपालका राजाहरूले काली नदी पश्चिमको भूभागलाई आफ्नो भनेर दाबी नगर्ने उल्लेख छ। सो 'गोप्य पत्र' सहित अन्य नेपाल-अंग्रेज युद्धका दस्तावेजहरू सन् १८२४ मा प्रकाशित 'पेपर्स रेसपेक्टिङ द नेपाल वार' नामक पुस्तकमा संग्रह गरिएका छन्। महाकाली नदीको उद्गमविन्दुका बारेमा नेपाल र भारतका अधिकारीहरूबीच लामो समयदेखि मतभेद कायम छ।

**गोप्य-पत्र: अर्को प्रमाण**

कालापानी विवादबारेको इतिहास नजिकबाट नियालेका कतिपय विज्ञहरूले लर्ड मोइराले सन् १८१५को जुन १ तारिखमा पठाएको पत्र भारतसँग लामो समयदेखिको सीमा विवाद समाधान गर्न एउटा महत्वपूर्ण प्रमाण हुनसक्ने बीबीसीलाई बताएका छन्। त्यसले लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रमाथि नेपालले गरिरहेको दाबीलाई बल दिने उनीहरूको भनाइ छ। ४९ बुँदे उक्त पत्रको ३७ औं बुँदामा कुमाउलाई आफूमा विलय गराउनुलाई 'मूल्यवान' उपलब्धि भन्दै काली नदीलाई सीमाना बनाइने उल्लेख छ।

आफ्नो पत्रमा कुमाउमाथि नियन्त्रण गर्दा करमार्फत हुने आम्दानी सबिस्तार उल्लेख गरिएको भन्दै लर्ड मोइराले लेखेका छन्- 'म पश्चिम प्रान्तको सीमा अलकनन्दा र गंगा वा अन्ततः भागिरथी र गंगासम्म पुऱ्याउन प्रस्ताव गर्छु किनभने देशको भूगोलबारे राम्रोसँग सोचविचार गर्ने सामर्थ्य मसँग छ।' पूर्वतर्फको हाम्रो सीमा काली नदी हुनेछ, जुन हिमालयबाट निस्किन्छ र त्यहाँबाट लगभग सिधाबाटोबाट दक्षिणी क्षेत्र हुँदै समथर भूभागमा पुग्छ र त्यहाँ त्यसलाई गोग्रा भनेर चिनिन्छ।

इतिहासबारेकी एक अनुसन्धानकर्ता अवन्तिका रेग्मीका अनुसार इस्ट इण्डिया कम्पनीका गभर्नर जनरल फ्रान्सिस एड्वार्ड र अडन ह्यास्टिङ्गसलाई लर्ड मोइरा भन्ने गरिन्छ

*(बाँकी अन्तिम पृष्ठमा)*

## नेपालको नक्सा अविलम्ब जारी गर्न निर्देशन

**झापा, मंसीर २७।** प्रतिनिधिसभाको अन्तर्राष्ट्रिय सम्बन्ध समितिले लिम्पियाधुरा, लिपुलेक, कालापानी र सुस्तालगायतका नेपाली भूमि समावेश गरी नेपालको नक्सा अविलम्ब जारी गर्न सरकारलाई निर्देशन दिएको छ।

समितिको शुक्रबारको बैठकले लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रमा रहेका भारतीय सुरक्षा फौज फिर्ता गरी नेपालको भौगोलिक अखण्डताको रक्षा गर्न र भारत सरकारसँग आवश्यक तहमा

*(बाँकी अन्तिम पृष्ठमा)*

## डुबेर र कुटपिटबाट दुईको मृत्यु

**सुनसरी, मंसीर २७।** सुनसरीको रामधुनी नगरपालिका-७का ५५ बर्षीय पुरन चौधरीको तालमा डुबेर मृत्यु भएको छ।

स्थानीय रास तालमा पौडी खेल्ने क्रममा अचानक डुबेर घाइते भएका चौधरीको उपचारको क्रममा वीपी कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान धरानमा विहीवार मृत्यु भएको हो। घटनास्थलमा इलाका प्रहरी कार्यालय पकलीबाट प्रहरी टोली खटी गई थप अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ।

यसैबीच खोटाङमा छिमेकीको कुटाइबाट एक युवकको मृत्यु भएको छ भने एक जना घाइते भएका छन्।

*(बाँकी अन्तिम पृष्ठमा)*

लिभर ( कलेजो ) तथा हेपटाइटिस रोगको डाक्टर आउने सूचना
यस पटक २०७६ मंसीर २९ गते आइतबार आउदैहुनहुन्छ।
विर हस्पिटल काठमाण्डौबाट वरिष्ठ
डा. विकाश जैशी
MBBS,MD,DM (HEPATOLOGY)
वरिष्ठ कलेजो, पेट, ग्याष्ट्रिक, अल्सर, जन्डीस तथा हेपटाइटिस रोग विषेशज्ञ
अग्रिम नाम दर्ता गनुहोस ०२३-५४३८१८,९८११३३५६२४
कनकाई हस्पिटल प्रा. लि. बिर्तामोड, झापा
KANKAI HOSPITAL PVT. LTD. ०२३-५४३८०७

यौन तथा प्रजनन् रोगका विरामीहरुका लागि खुशीको खबर

यही मंसीर २८ गते शनिवारका दिन काठमाडौंबाट आउनु हुने विशेषज्ञ डाक्टरद्वारा सेवा दिइने हुँदा विरामीहरुले मौकाको फाइदा लिनुहोला।

**हाम्रा सेवाहरुः** सबै खालका शारीरिक तथा मानसिक यौन समस्याहरु, पुरुषमा हुने शीध्रपतन, धातु खस्ने, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, चिलाउने, स्वप्नदोष, सरुवा यौन रोग साथै उमेर अनुसार यौन अंगको विकास नहुने, मलिहरुको महिनावारी गडबढी, सेतोपानी वग्ने, तल्लो पेट दुख्ने, बाँझोपन, ढाड दुख्ने, यौन सम्बन्धी सबै खालका समस्याहरुको सफल उपचार। त्यस्तै गरी महिला तथा पुरुषमा हुने निसन्तानपनको विशेष परामर्श तथा सफल उपचार गरिन्छ।

माता मनकामना आयुर्वेद क्लिनिक
अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर, बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)

नेपालीहरुको लागि भरपर्दो सेवा
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर



ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले ROYAL ENFIELD को सम्पूर्ण पार्ट्सहरुमा १०% छुट गरिएको छ।




सातौं बर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा अटो, तीन चक्के टेम्पोको सम्पूर्ण पार्ट्सहरु उपलब्ध गराउँदै इञ्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ।
यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्ट्स पाउनुका साथै इञ्जिन मर्मत पनि गरिन्छ।
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली दायाँ साइड

हार्दिक बधाई तथा शुभकामना



जलकुमार गुरुङ अध्यक्ष; पर्शुराम सिटौला उपाध्यक्ष; मेघराज वास्तोला सचिव; शारदा रिजाल कोषाध्यक्ष
देवेन्द्र सिटौला पुरुष सदस्य; पारस मैनाली पुरुष सदस्य; माया प्रधान खड्गी महिला सदस्य; बाला खरेल महिला सदस्य; सीता काफ्ले महिला सदस्य

बिर्तामोड घर बहाल संघ बिर्तामोडका उपाध्यक्ष **जलकुमार गुरुङ** बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाकोहालै सम्पन्न निर्वाचनबाट गरिमामय अध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं। त्यसैगरी उपाध्यक्षमा **पर्शुराम सिटौला**, सचिवमा **मेघराज बाँस्तोला**, कोषाध्यक्षमा **शारदा रिजाल**, सदस्यहरुमा **देवेन्द्र सिटौला, पारस मैनाली, माया प्रधान खड्गी, वाला खरेल, सीता काफ्ले** अत्यधिक मत ल्याई विजयी हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै नवनिर्वाचित सम्पूर्ण कार्यसमितिलाई कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं।

**शारदाप्रसाद थपलिया**: सचिव **राजकुमार पोखरेल**: अध्यक्ष

बिर्तामोड घर बहाल संघ
बिर्तामोड परिवार, झापा

FAMILY CLINIC
Dr. Kavita Mantry
INFERTILITY SPECIALIST
(Gold Medalist)
MD. (GYNAE & OBST) (KOL), MRCOG-1 (LONDON), DNB
नि:सन्तान दम्पतिको लागि राम्रो खबर छ
आल्ट्रा मॉडर्न टेस्ट ट्यूब बेबी केन्द्र



.आई.भी.एफ. - IVF
इक.सी. - ICS
आई.यू.आई. - IUI
सबै प्रकारकी स्त्रीरोग चिकित्साको लागि सम्पर्क राखने।
METROHEIGHT, 3RD FLOOR, DONBOSCO MORE, SEVOKE ROAD, SILIGURI-734001
PH. 0353-2545544, MOB. 9800983790, QUERY: 8372801570, WWW.FAMILYCLINICSILIGURI.COM
माँ हुनुर को सपना अब सफल हुनछ।

# जिल्लास्तरीय क्रिकेटमा भद्रपुर च्याम्पियन



**भद्रपुर, मंसीर २७।** आयोजक आदर्श क्रिकेट एकेडेमी भद्रपुर जिल्लास्तरीय टी ट्वान्टी लिग क्रिकेट प्रतियोगिताको च्याम्पियन बनेको छ।

भद्रपुर-१०स्थित आदर्श सेवा समितिद्वारा सञ्चालित आदर्श क्रिकेट एकेडेमीको आयोजनामा मेची रंगशाला भद्रपुरमा विहीवार भएको फाइनल खेलमा धुलाबारी क्रिकेट एकेडेमीलाई ५७ रनले पराजित गर्दै आयोजक भद्रपुर च्याम्पियन बनेको हो। प्रतियोगिताको उपाधि उचालेसँगै भद्रपुरले नगद ३५ हजारसहित ट्रफी र मेडल पाएको छ। उपविजेतामा चित्त बुझाएको धुलाबारीले नगद २० हजारसहित ट्रफी र मेडल प्राप्त गरेको छ।

टस जितेर पहिलो ब्याटिङ रोजेको भद्रपुर निर्धारित २० ओभरमा ८ विकेटको क्षतिमा १४५ रन जोड्न सफल भएको थियो। भद्रपुरका ओपनर ब्याट्सम्यान अङ्कित सुबेदी र उज्ज्वल काफ्लेले पहिलो विकेटका लागि महत्वपूर्ण साझेदारी गरे। काफ्लेले अर्धशतक प्रहार गर्दै ५२ रन र सुवेदीले ४० रन जोड्न सफल भए।

धुलाबारीका बलर शिबु राजवंशीले ३ विकेट र नित्य खडोलिया र सबिन प्रसाईंले १/१ विकेट लिए। १४६ रनको उपाधि लक्ष्य लिएर मैदानमा उत्रिएको धुलाबारी खराब प्रदर्शन गर्दै १५ ओभरमै सबै विकेट गुमाउँदै ८८ रनमै सीमित भयो। धुलाबारीका नित्य खडोलियाले मात्र ३५ रन, भद्रपुरका अङ्कित सुबेदी र विपीन महतोको बलिङको अगाडि धुलाबारीका बेस्ट ब्याट्स्म्यान टिक्न सकेनन्। सुवेदी र महतोले ४/४ विकेट लिए। फाइनल खेलको म्यान अफ द म्याच भद्रपुरका अङ्कित सुबेदी घोषित भए।

प्रतियोगितामा बेस्ट ब्याट्स्म्यान धुलाबारीका नित्य खडोलिया, म्यान अफ द सिरिजमा धुलाबारीका बिक्की खडोलिया, वेस्ट बलरमा भद्रपुरका प्रवेश कामती, उदीयमान खेलाडी दमकका सौजन घिमिरे र फेयर प्ले टिम कचनकवलको आदर्श क्रिकेट क्लब भएको छ।

समापन कार्यक्रममा भद्रपुर नगरपालिका प्रमुख जीवनकुमार श्रेष्ठ, जिल्ला समन्वय समितिकी उपाध्यक्ष मीना पराजुली, प्रहरी कार्यालय झापाका एसपी दिनेशराज मैनाली बिजेता तथा उपबिजेता टिमलाई पुरस्कार वितरण गरेको आदर्श क्रिकेट एकेडेमीका अध्यक्ष तुलसी कार्कीले जानकारी दिए।

# ८६ जना छात्रालाई साइकल

**झापा, मंसीर २७।** सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न अहिले झापाका सबै स्थानीय तह जोडतोडका साथ लागीपरेका छन्।

प्रत्येक पालिकाले छुट्टा-छुट्टै ऐन नियम बनाएर सामुदायिक विद्यालयको शैक्षिकस्तर सुधार गर्ने कामलाई तीव्र बनाएका छन्। यसै क्रममा झापा गाउँपालिकाले पनि आफ्ना पालिकाभित्र रहेका सामुदायिक विद्यालयका कक्षा ९मा अध्ययनरत् छात्राहरुलाई साइकल वितरण गर्न शुरु गरेको छ।



छात्रालाई साइकल वितरण गर्दै

जनता मावि शरणामतीका ८५ जना छात्रालाई साइकल वितरण गर्दै गाउँपालिकाले विद्यार्थीलाई पढाइप्रति प्रोत्साहन गर्न अभियान चलाएको गाउँपालिकाका अध्यक्ष जयनारायण साहले बताए। अझै पनि कक्षा ८ पास परेपछि छात्राले अध्ययन छाड्ने गरेको भन्दै उनीहरुलाई पढाइमा निरन्तरता दिन प्रोत्साहन स्वरुप साइकल वितरण गरिएको अध्यक्ष साहले बताए। साह भन्छन्- नजिकै विद्यालय नहुँदा कक्षा ८ उत्तीर्ण गरेपछि अध्ययनका लागि टाढाको विद्यालय जानुपर्ने हुँदा उनीहरुलाई सहज होस् भन्दै साइकल प्रदान गरिएको हो।

गाउँपालिकाले डिल्लीराज, कुवाडीदेवी र जनकल्याण माध्यमिक विद्यालयमा कक्षा ९ मा अध्ययनरत् छात्राहरुलाई पनि साइकल वितरण गर्ने भएको छ। जसका लागि १६ लाख बजेट गाउँपालिकाले छुट्याएको बताइएको छ।

# अपाङ्गता भएकाहरूको अधिकार वारे अभिमुखीकरण

**गौरीगञ्ज, मंसीर २७।** अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, ऐन र नीतिबारे सरोकारवालाहरूलाई अभिमुखीकरण तालिम दिइएको छ।

एसएनजेडी कचनकवलको आयोजना र गौरीगञ्ज अपाङ्ग सहयोग समितिको समन्वयमा शुक्रवार भएको कार्यक्रममा सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था, अपाङ्गता भएका महिलाको ज्ञान, सिप तथा क्षमताको उपयोगको लागि कार्यक्रम सञ्चालन गरेको बताइएको छ। अपाङ्गता भएका बालबालिकाको विशेष संरक्षण, शिक्षा सम्बन्धी व्यवस्था, स्वास्थ, पुनर्स्थापना, सामाजिक, सुरक्षा र मनोरञ्जन सम्बन्धी व्यवस्था, आवासीय शिक्षा उपलब्ध गराउने व्यवस्था, सहुलियत र सुविधा सम्बन्धी व्यवस्था, अपाङ्गता भएका व्यक्तिप्रति नेपाल सरकारको दायित्व सम्बन्धी जानकारी गराइएको थियो।

अपाङ्गता भएका व्यक्तिलाई परिचय-पत्रका आधारमा हवाइ जहाज, बस तथा अन्य सार्वजनिक यातायातमा सहुलियत र यात्रु भाडामा ५० प्रतिशत छुट, अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने विशेष प्रकारले निर्माण गरिएका रिक्सा र चार पाङ्ग्रे स्कुटरमा सबै प्रकारको भन्सार छुटको व्यवस्था रहेको कार्यक्रमका प्रशिक्षक तथा झापा जिल्ला अपाङ्ग समन्वय समितिका सचिव मदन बोहराले जानकारी दिए।

नेपाल सरकारले कुनै प्रतिष्ठानमा अपाङ्गता भएका व्यक्तिको क्षमता, तालिम, योग्यता र अनुभवका आधारमा उपयुक्त हुने काम उपलब्ध भएसम्म ५ प्रतिशत स्थानमा नियुक्ति गर्नुपर्ने प्रशिक्षक बोहराले बताएका थिए। गौरीगञ्ज गाउँपालिकाका उपाध्यक्ष दिपीन्द्र थापाको प्रमुख आतिथ्यमा भएको कार्यक्रमको सभापतित्व गौरीगञ्ज अपाङ्ग सहयोग समितिका अध्यक्ष शेरमान बुढाथोकीले गरेका थिए। कार्यक्रममा गौरीगञ्ज गाउँपालिकाका अध्यक्ष बाबुराजा श्रेष्ठलगायत जनप्रतिनिधिहरूले बोलेका थिए। अनुगमन, मूल्यांकन तथा योजना अधिकृत र न्याय तथा विकासका लागि सामाजिक सञ्जालका टीकाराम धमलालगायतको सहभागिता रहेको कार्यक्रमको सञ्चालन एसएनजेडी कचनकवलका प्रतिनिधि कुमार चुडालले गरेका थिए।

# चन्द समूहका जिल्ला इञ्चार्जसहित दुई पक्राउ

**झापा, मंसीर २७ ।** नेत्रविक्रम चन्द 'विप्लव' समूहका स्याङ्जा जिल्ला इञ्चार्जसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय गोरखाबाट खटिएको प्रहरीको टोलीले विहीवाररराति सदरमुकामको घ्याम्पेशाल चोकबाट उनीहरुलाई पक्राउ गरेको हो।

पक्राउ पर्नेमा पोखरा महानगरपालिका-२७ स्थायी ठेगाना भएका ३३ वर्षीय गोकुल पराजुली र रुकुमको त्रिवेणी गाउँपालिका-१ घर भएका ३२ वर्षीय जीवन क्षेत्री रहेको प्रहरी नायब उपरीक्षक मित्रबन्धु शर्माले जानकारी दिए। पक्राउ परेका पराजुली विप्लव समूहका स्याङ्जा जिल्ला इञ्चार्ज भएको उनले बताए। पक्राउ परेका क्षेत्री भने विप्लव समूहका कार्यकर्ता मात्र भएको खुल्न आएको प्रहरीले जनाएको छ। उनीहरुविरुद्ध शुक्रवार सार्वजनिक अपराध अन्तर्गत मुद्दा दर्ता गरी अनुसन्धान प्रक्रिया अगाडि बढाइएको प्रनाउ शर्माले बताए।

# कर्णालीको सहयोग विद्यार्थीलाई

**बुधवारे, मंसीर २७।** कर्णाली वचत तथा ऋण सहकारी संस्था लि.को बुद्धशान्ति बुधबारे सेवाकेन्द्रले आफ्नो कार्यक्षेत्र बुद्धशान्ति-४स्थित गणेश माध्यमिक विद्यालयमा शैक्षिकसहित खेलकुदका सामग्री वितरण गरेको छ।

उक्त सहकारी संस्थाले एक समारोहका बीच प्राथमिक तहका सम्पूर्ण विद्यार्थीहरूलाई कापी र पेन्सिल तथा फुटबल, भलिबल, नेट र दुई थान फोहर संकलन गर्ने डस्टबिन समेत वितरण गरेको हो।

विद्यालयका सहायक प्रधानाध्यापक रवीन्द्र मैनालीको अध्यक्षतामा आयोजित सो कार्यक्रममा संस्थाका अध्यक्ष टसबहादुर श्रेष्ठले सहायक प्रधानाध्यापक मैनालीलाई उक्त सामग्री हस्तान्तरण गरेका थिए।

कार्यक्रममा संस्थाका उपाध्यक्ष ईश्वरीप्रसाद खरेल, कार्यालय व्यवस्थापन समितिका संयोजक दुर्गाप्रसाद पाठकले सहकारीको समुदायप्रति चासो शीर्षकको उद्देश्य अनुरुप सामग्री वितरण गरेको बताए। सहायक प्रधानाध्यापकले धन्यवाद ज्ञापन गरेको सो कार्यक्रम बुधबारे सेवा केन्द्रका प्रमुख मित्रबहादुर बस्नेतले सञ्चालन गरेका थिए।

## प्राविधिक ...

प्रा.डा. पृथ्वीविक्रम राईको अध्यक्षतामा भएको कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका रजिष्टार डिल्लीराज उप्रेती, भद्रपुर नगरपालिकाका मेयर जीवनकुमार श्रेष्ठ, पूर्वसांसद सुधिरकुमार शिवाकोटी, स्ववियु सभापति भूवन बुढाथोकी, कर्मचारीको तर्फबाट कमलसिंह राजवंशी, प्राध्यापक संघको तर्फबाट पुण्यप्रसाद खरेल लगायतले मन्तव्य राखेको कार्यक्रममा औचित्यमाथि क्याम्पस प्रमुख कमलप्रसाद गुरागाँईले प्रकाश पारेका थिए।

क्याम्पस परिसरमा शिलान्यास भएको महिला छात्रावास र मानविकी भवनको लागत साढे ५ करोडभन्दा बढी रहेको छ। उक्त कामका लागि त्रिविले हाल ४ करोड बजेट छुट्याएको छ। त्यस्तै क्याम्पसमै शिलान्यास भएको बौद्धिक बाटिकाको बजेट करिब ३० लाख रहेको छ। बाटिका निर्माणका लागि मंगल सेवा समितिले आर्थिक सहयोग गर्ने बताइएको छ।

## डुबेर ...

मृत्यु हुनेमा हलेसी-तुवाचुङ नगरपालिका-७का २४ वर्षीय रमेश राई रहेका छन्। कुटपिटबाट सोही ठाउँका ३४ वर्षीय अशोक राई घाइते भएका छन्। बिहीवार साँझ स्थानीय २१ वर्षीय अशोक राई, २७ वर्षीय भविन राई र २५ वर्षीय बलराम राईको कुटपिटबाट गम्भीर घाइते भएका रमेशको शुक्रवार बिहान मृत्यु भएको प्रहरीले जानकारी दिएको छ। कुटपिटमा संलग्न तीनै जना फरार छन्।

## नेपालको ...

वार्ता गर्न समेत नेपाल सरकारलाई निर्देशन दिने निर्णय गरेको छ।

सांसदहरुले भारतीय अतिक्रमणमा परेका नेपाली भूभागमा नेपालको सार्वभौम अधिकार र स्वामित्व सुदृढ गर्न भारत सरकारसँग राजनीतिक र कुटनीतिक तहमा अविलम्ब वार्ता गरी समस्या समाधान गर्न सुझाव दिएका थिए।

समितिले गृहमन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, परराष्ट्र मन्त्रालयसहित अन्य सम्बन्धित मन्त्रालय र निकायको संयुक्त समन्वयकारी संयन्त्र निर्माण गरी एकीकृत रूपमा प्रभावकारी काम गर्न सरकारलाई निर्देशन दिने निर्णय गरेको छ। सांसदहरुले नेपालको भूमिको रक्षा तथा नेपाली नागरिकको सुरक्षा गर्न दार्चुलाको कालापानीसमेतका क्षेत्रमा बसोबास गरिरहेका नेपालीलाई सहज रूपमा आवतजावत गर्न बाटो र अन्य सेवासुविधाको उपयुक्त व्यवस्था गर्नुपर्नेमा जोड दिएका थिए।

बैठकमा गृहमन्त्री रामबहादुर थापाले सो क्षेत्रलगायत अन्य सीमा क्षेत्रमा सुरक्षा पोष्ट विस्तारका लागि सशस्त्र प्रहरी बलको दरबन्दी बढाउन लागेको जानकारी दिए। भूमि व्यवस्थामन्त्री पद्मा अर्यालले सीमा विवाद समाधानका लागि सरकारको पहल सकारात्मक रूपमा अघि बढेको बताउँदै सो क्षेत्रका सम्पूर्ण नेपाली भूमि समेटेर शीघ्र नयाँ नक्सा जारी गर्ने बताइन्।

समिति सभापति पवित्रा निरौला (खरेल)को अध्यक्षतामा बसेको बैठकमा पूर्वप्रधानमन्त्री एवम् समिति सदस्य माधवकुमार नेपाल, समिति सदस्यहरु प्रकाशमान सिंह, मोहन बानियाँ, भीम रावल, सरिता गिरी, अग्नि सापकोटा र उमा रेग्मीले भारत सरकारसँग राजनीतिक र कुटनीतिक तहमा अविलम्ब वार्ता गरी समस्या समाधान गर्न सरकारलाई सुझाव दिएका थिए।

## गोप्य पत्र ...

र उनले सन् १८१५ मा पठाएको पत्रले नै सुगौली सन्धिको आधार तयार पारेको हो। उनी भन्छिन्- उक्त पत्रमा सुगौली सन्धिको खाका देख्न सकिन्छ। यदि नेपालले सम्झौता गर्छ भने पश्चिममा काली नदी सीमाना हुन्छ भनेर उक्त पत्रमा खुलाइएको छ। र, काली नदीको उद्गमस्थल नै सीमाना हुने लेखिएको छ। उनले काली नदीको मुहानलाई नेपालको सीमा भनेर स्थापित गराउन उक्त पत्र महत्वपूर्ण हुने बताइन्।

ह्यास्टिङ्सको पत्रमा स्रोतबाट हुने प्रत्यक्ष लाभ बाहेक नजिककै चिनियाँ सीमा क्षेत्रका कारण पनि कुमाउ महत्वपूर्ण रहेको उल्लेख छ। हिमपर्वत पारि चिनियाँ भूगोल रहेकाले चीनसँग सम्पर्क कायम गर्ने ठूलो अवसर रहेको उनले लेखेका छन्।

पत्रमा शान्तिका लागि गोर्खा सरकारसँग छवटा शर्त राख्न पनि सुझाइएको छ, जसमा ब्रिटिस सरकारको विशेष अनुमति बिना कुनै पनि युरोपेली वा अमेरिकी नागरिकलाई नेपाली भूभागमा रहन नदिने र सिक्किमका राजाको सुरक्षासहितका बुँदा समावेश छन्।

सन् १८१६को मार्चमा सहमति भएको सुगौली सन्धिको पाँचौ बुँदामा नेपाली पक्षले काली नदी पश्चिमको भूभाग र त्यहाँ बस्ने मानिसहरूप्रति कुनै किसिमको सरोकार व्यक्त नगर्ने उल्लेख छ। सुगौली सन्धिलाई नेपालका राजाले १८१६ को डिसेम्बर महिनामा अनुमोदन गरेको बताइन्छ।

**लिम्पियाधुरा महाकाली नदीको उद्गमस्थल**

सीमा मामिलाबारे गहिरो अध्ययन गरेका नेपाली विज्ञहरूले काली नदीको उद्गमस्थल खोज्ने क्रममा आफूले नेपालको सीमाना लिम्पियाधुरासम्म रहेको तथ्य फेला पारेको बताएका छन्।

सन् २०१५मा भारत र चीनबीच लिपुलेकलाई व्यापारिक नाकाका रूपमा विस्तार गर्ने सहमति भएपछि दुवै देशसँग आफ्नो असन्तुष्टि व्यक्त गरेको सुशील कोइराला नेतृत्वको सरकारले कालापानी र सुस्ताबारे अध्ययन गर्न गठन गरेको समितिका संयोजक सूर्यनाथ उपाध्यायले आफूहरूले जुटाएका सम्पूर्ण तथ्यले नेपाली भूमि अतिक्रमित भइरहेको निष्कर्ष निकालेको जानकारी दिए।

हालै अनौपचारिक स्तरबाट नेपालको नयाँ नक्सा सार्वजनिक गरेको सीमा बचाउ अभियानमा आवद्ध पूर्व जलश्रोत सचिव द्वारिकानाथ ढुङ्गेल लर्ड मोइराको पत्रलाई एउटा अकाट्य प्रमाणको रूपमा प्रस्तुत गर्न सकिने बताउँछन्। सुगौली सन्धि भएको २१ वर्षपछि सन् १८३७ मा जेबी तासीनले बनाएको नक्साले काली नदीलाई लिम्पियाधुराबाट बगिरहेको देखाएको विज्ञहरू बताउँछन्।

सन् १८५६ तत्कालीन ब्रिटिस इण्डियाका सर्भेयर जनरलले बनाएको नक्साले पनि काली नदीको उद्गमस्थल लिम्पियाधुरा देखाएको उनीहरूको भनाइ छ।

तर, १८५७ पछि ब्रिटिस इण्डियाले निकालेका नक्साहरूले काली नदीको उद्गमस्थल लिम्पियाधुरा देखाउन छाडेको तथा ती नक्सामार्फत र व्यवहारिक रूपमा नै नेपाली भूभागमाथि गरिएको श्रृंखलाबद्ध अतिक्रमण भएको नेपाली सीमाविद्हरूको बुझाइ रहेको वीवीसीले उल्लेख गरेको छ।


**ब्लुबुक तथा लाइसेन्स हरायो**

झापाको बिर्ताबजार पूर्व, हल्दिवारी जलथल जाने बाटोको पारिजात टोलदेखि माकुरी रेष्टुरेन्ट आसपासमा निम्न व्यहोरा भएको ब्लुबुक तथा लाइसेन्स हराएको हुँदा भेट्नुहुने महानुभावले निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला।

**लाइसेन्स**
देवीप्रसाद नेम्वाङ
लाइसेन्स नं. ०१-०६८०२८

**ब्लुबुक**
मे०६प ५८१९
टीकामाया राई (९८१५९१००५४)

**आकर्षक घडेरी बिक्रीमा**

पुरानो शनिश्चरे-३ कटहरडाँडा हालको अर्जुनधारा-९ पशु हस्पिटल पूर्वपट्टि ३६ फुट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारिक प्रयोजनको लागि कालोपत्रे पिच बाटोले छोएका आकर्षक घडेरीहरु बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावले तु सम्पर्क गर्नुहोला।

**सम्पर्क: ९८४२६२४१५०, ९८१७०२१८५५**

**सस्तोमा भिटा**

– देवी पञ्चकन्या प्लटिङ क्षेत्रमा मोहनमाया मावि रामचौकबाट सीधा उत्तर पार्टी प्यालेसबाट उत्तरपूर्व १ कठ्ठा भिटा/४० फुट मुख भएको।
– पञ्चकन्या प्लटिङमा राजमार्गबाट १०० मिटर उत्तर १३ धुर।

**सम्पर्क: ९८१००४०३८१, ९८१२३०७०३३**

**होटल विक्रीमा**

बिर्तामोडको नयाँ बसपार्क एरियामा रहेको होटल (खाजाघर) विक्रीमा रहेकाले लिन चाहने व्यक्तिले तु-सम्पर्क गर्नुहोला।

सम्पर्क: ९८१५९८७५३९

**होटल विक्रीमा**

कन्काई नगरपालिका-१ जामुनखाडीस्थित जुके कल्भर्ट छेउमा चालू अवस्थामा रहेको होटल तु-विक्रीमा छ।

**सम्पर्क: ९८१८११६७५७, ९८१६९७२५२९**

**साधारणसभा सम्बन्धी सूचना**

यस संस्थाको छैठौं बार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा हुने निर्णय भएकोले सम्पूर्णशेयर सदस्य महानुभावहरुलाई पत्र पठाइसकिएको छ। यदि कहीं कतै पत्र प्राप्त नभएमा यसै सूचनालाई आधारमानी उपस्थित भइदिनुहुन अनुरोध गरिन्छ।

**मिति: २०७६ मंसीर २८ गते शनिवार**
**स्थान: सेन्टर प्वाइन्ट पार्टी प्यालेस, पश्चिम बसस्टेण्ड, बिर्तामोड**
**समय: दिनको ११ बजेदेखि**

**जनश्रुति महिला बचत तथा ऋण सहकारी संस्था लि.**, बिर्तामोड-५, झापा (फोन नं. ०२३-५४५०५१)

**कर्मचारी तु-चाहियो**

पञ्चकन्या हुँदै प्रोभिडेन्स कलेज, कृष्ण हल, मुक्तिचोक, महेन्द्र शोरुम पूर्व, कृषिथोक, शनिश्चरे लाइन तथा लक्ष्मीपुरबाट दुर्गापुर, सिमसार, कालिमुढा हुँदै चम्पापुरसम्म पत्रिका वितरण गर्न कर्मचारी आवश्यकता भएकाले तु-सम्पर्क गर्नुहोला।

**मोटरसाइकल हुनुपर्नेछ। तलब: १०,०००+ बोनसले गाडी मेन्टेन गर्न सकिनेछ।**

**सम्पर्क: ९८०१४०४०००, ९८१६६४१५७३**

**घर बनाउनका लागि नयाँ प्रविधि**

इटा, गिटी, बालुवा दोस्रो, तेस्रो, चौथो तथा पाँचौं तलासम्म लानका लागि मिनी क्रेन उपलब्ध छ। साथै मिक्सचर, जेनेरेटर, भाइब्रेटर, रड, काट्ने-बटार्ने कोरियन मेसिनहरु भाडामा उपलब्ध छ।

सम्पर्क: ०२३-५४५७५३, ९८१७९५४२३८


**भद्रपुर नगर कार्यपालिकाको कार्यालय**
**भद्रपुर, झापा**
**१ नं. प्रदेश, नेपाल**

**वोलपत्र आव्हानको सूचना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा आर्थिक ऐन, २०७६ अनुसार यस भद्रपुर नगरपालिका र हल्दिवारी गा.पा.को साझेदारीमा भद्रपुर न.पा. र हल्दिवारी गा.पा.को सीमानामा बहने देवनिया नदीमा नदीजन्य निर्माण सामाग्रीको उत्खनन्/संकलन घाटगद्दी एवम् विक्री मूल्य शुल्क आ.व. ०७६/७७ का लागि स्वीकृत अध्यावधिक IEE प्रतिवेदनले निर्धारण गरे बमोजिम देहायका ठेक्का बन्दोबस्त गर्ने सम्बन्धमा मिति २०७६।०८।०६ गते प्रथमपटक १५ दिने सूचना प्रकाशित गरिएकोमा पर्याप्त बोलपत्र नपरेको हुँदा प्रथमपटक प्रकाशित मिति २०७६।०८।०६ गतेको सूचनाका शर्तहरुको अधिनमा रही पुनः ७ (सात) दिने सुचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

अन्य विस्तृत जानकारीका लागि कार्यालयको वेवसाइट www.bhadrapurmun.gov.np वा कार्यालयको सूचना पाटीमा हेर्न हुन वा कार्यालयमा सम्पर्क राख्नु होला।

**दोस्रोपटक प्रकाशित मिति: २०७६।०८।२७**

**तपसिल**

| ठे.नं. | विवरण | न्यूनतम ठेक्का अंक रु. (वार्षिक) मु.अ.कर बाहेक | बोलपत्र फाराम दस्तुर | बोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति | बोलपत्र फाराम दाखिला गर्ने अन्तिम मिति, समय | बोलपत्र फाराम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ घ (६), प्रदेश नं.१ को आर्थिक ऐन २०७६ को दफा ८ र अनुसूची ५ र भद्रपुर नगरपालिकाको आर्थिक ऐन २०७६ को दफा १३ र अनुसूची २२ अनुसार भद्रपुर न.पा. र हल्दिवारी गा.पा.को सिमानामा बहने *देवनिया नदी* बाट स्वीकृत अध्यावधिक IEE प्रतिवेदन अनुसार निकालिने निर्माण सामाग्रीको उत्खनन/संकलन घाटगद्दी एवं विक्री मूल्य शुल्क ॥ | रु.१३,६३,७७७।०१ | रु.१०००।०० | २०७६।०९।० ३ गते कार्यालय समयसम्म | २०७६।०९।०४ गते १२.०० बजेसम्म | २०७६।०९।०४ गते २.०० बजे पछि |


**कर्मचारी आवश्यकता**

**मिति: २०७६।०८।२७**

यस श्रद्धा कृषि सहकारी संस्था लि. अर्जुनधाराको मिति २०७६।०८।१७ गते बसेको बैठकको निर्णय अनुसार निम्न लिखित कर्मचारीको आवश्यकता भएकोले अनुभवी तथा इच्छुक नेपाली नागरिकबाट २०७६।०९।०१ गतेसम्ममा आवेदनका लागि यो सूचना प्रकाशित गरिएको छ।

**पद: सह-व्यवस्थापक** संख्या: १
**उमेर:** २० वर्षदेखि ४० वर्ष ननाघेको
**न्यूनतम योग्यता:** +२ उत्तीर्ण वा सो सरह, सहकारी सम्बन्धी ज्ञान भएको, लेखा सम्बन्धी ४ खाता सञ्चालन गर्न सक्ने
**तलब सुविधा:** समितिको निर्णय अनुसार परीक्षा दस्तुर: रु ५००।-
**परीक्षाको किसिम:** लिखित, मौखिक र प्रयोगात्मक

**पद: बजार प्रतिनिधि** संख्या: १
**उमेर:** २० वर्षदेखि ४० वर्ष ननाघेको
**योग्यता:** एसईई उत्तीर्ण, हिसाब किताब गर्न सक्ने, नेपाली नागरिक,
**परीक्षा दस्तुर:** रु ३००।- **परीक्षाको किसिम:** लिखित, मौखिक र प्रयोगात्मक
**दरखास्त दिने स्थान:** संस्थाको कार्यालय, सालबारी रोड, खानेपानी ट्याङ्की दक्षिण, अर्जुनधारा, झापा
**सम्पर्क: ०२३-४६५००९, ९८४२६३४९८७**

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
**बिर्तामोड, झापा**

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।




भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

**कविता/गजल**

## चुनौति



**रोशन परियार**

तिम्रो वैतर्नीको सागरमा
नतरेका मेरा प्राणहरू
तिम्रो भूगोलको खाडलमा
नखनिएको मेरो चिहान
तिम्रा नदिका पानीहरूमा
बगाउन नमिल्ने मेरा लासहरूको
एकमुष्ठ उत्तर खोजिरहेछ
मेरो प्रतिनिधि खप्पर
र त्यसका खबटाहरू

तोपको मुखमा, बारूदको छर्रामा, बमको गोलामा
हरेक समय पड्किन आतुर भएका
मेरा कलेजोका लाभाहरूको
आभाष छ कि छैन ?

कतै तिम्रो भूगोलमा मेरो तोपले बसाइँ नसरोस्
बारूदका छर्राहरूले नदिको पानी नसुकोस्
बैतर्नीका छातीहरूमा बमका गोलाहरू नतरून्

मेरो छातीको आरनमा
तातिदैछन् फोक्सोका फलामहरू
आक्रोशको सान ढुङ्गामा
उदि्दैछन् सिरूपाते खुकुरीहरू
कतै मेरो खुकुरीले सीमानाका जञ्जिर नकाटोस्
सीमानाकै छेऊका कलिला मुनाहरूको
फेद, टुप्पो नढालोस्
म जस्तै देखिने आकृतिहरूको
जङ्गल नफाँडियोस्

बलभद्रको रगतबाट जन्मेको सन्तान हुँ म
हारको रेखा छैन मेरो निधारमा ।

**धनकुटा, नेपाल**

# कुन बलि ठूलो-मान्छे कि राँगाको ?



**हाँस्य-व्यंग्य**

**व्यंग्यनारान पाँडे**

"के छापा गरिराख्या होला एस्तो नाथे समचारको न्यून एत्रो तिर्पाल जत्रो फैलोट भको क्रान्तिपुरी पत्रिकाले, लु हेर त पाँडे भाइ !"– भन्दै मेरो अघिल्तिर एउटा पत्रिकाको पट्याएको पन्ना फ्याँके आउँदा आउँदै आज गौंथलीको बाऊले । र, कुर्सीमा बस्तै गन्गनाए– "काम पाउन छाडेछन् हए भाइ, काटमाडुँका रास्टिए भइखाका अक्बारहरूले, पिटिस्सै काम पाउन छाआआआडेछन् ! सिन्यार पत्रकार गर्ने-को हइसेतमा मलाई पो ठूलो ट्यान्सिन, साला !"

उनका गन्गन सुन्दै मैले सोपत्रिकाको पट्याए खोलेर हेरें- तर त्यो त मङसिर १८ गतेको 'अन्नपूर्ण' राष्ट्रिय दैनिकको पृष्ठ ५ र ६ को फाला रहेछ । र, मैले हाँस्तै भनें– "हन यो त कान्तिपुर पत्रिकाको पन्ना त होइन त । यो त 'अन्नपूर्ण' पो हो त ।"

उनले झन्नै सिडीओ अफिस- मुद्दा शाखाको खप्पिस खर्दार वा देहाती इलाका प्रहरीको दर्ता शाखाको चालू हल्दारले गाउँले सोझा-निमुखालाई डोभिनेट गरे झैं मलाई हियाउँदै भने- "जे नाम नि क्रान्तिपुरी नै हो । क्रान्तिपुरी भनेसि जम्भै कर्‍यापकुरुप तेस्सैमा आइहाल्छ क्या । उइले-उइले गोर्खापत्र भन्र भनेसि दशोडा अक्बारको नाम लिरनै पर्थेन, तेस्तै त हो नि अैले ।"

मेरो पेटमा हाँसोको थामी नसक्नु भुमरी पर्‍यो र धित मरुन्जेल हाँसेपछि भनें– "भई गो- गो, लौ । तर यसमा कुन समाचारलाई दाइले 'यस्तो नाथे' भन्या नि ?"

उनले कड्के आँखाले मेरो अनुहारतिर हेर्दै मेरो हातबाट सो पन्ना खोसे र आँखा तन्काएर त्यसमा हेरे अनि देब्रे हातका औंलाले चेपेर उनको टाउकोभन्दा अग्लो फ्याल्ल पार्दै र एउटा शीर्षकमा दाहिने चोर औंलाले देखाउँदै भने– "यो समचारको अैले के महत्तो छ र यो समचारको न्यूच लेख्नु पर्‍या ? लु भन त ।"

उनले देखाएको शीर्षक थियो– 'आठ हजार राँगाको बलि' । र, उनले पन्ना उचालिराखेकै अवस्थामा स्वर निकालेर पढ्दै मैले भनें– "आठ हजार राँगाको बलि । अनि के भो त ? बारा जिल्ला-महागढीमाई नगरपालिकाको बरियारपुरस्थित गढीमाई मन्दिर क्षेत्रको ब्रह्मथानमा पाँच-पाँच वर्षमा मेला लाग्छ र त्यहाँ राँगा, सुँगुर, बोका, हाँस, कुखुरा, मुसा आदि हजारौंको बलि दिने चलन नयाँ होइन क्या दाइ । यस वर्ष राँगाको पनि बजारभाउले अरुहरुको जस्तै आकाश छोयो होला र धन्न आठ हजार मात्र राँगा काटिएछन् । समाचार ठिकै त छ नि ।"

उनले चर्केर भने- "मलाई किन सिकाउँछौं तपइँ ? मभन्दा जान्ने किन हुनु परेको तात्तो र छारो ! म के कुरो भन्ने इस्टमेट गरेर कुरो थाल्दै मात्तै हुँदाहुँदै तपइँ किन गढीमाई र सढीमाईको हिस्टोरी र भूगोल-सँस्कीर्ति छाँट्ने पँडित कि पीयछडी डाग्डर हुन खोद्छौ हँ ?"

उनले मुन्टो बटारेर अनुहार फुलाए । 'अब उनले काँचो बबण्डर गर्छन' भन्ने मेरो पुरानो अनुभवले मलाई तर्छायो र मैले भनें– "मेरो गल्ती भयो, एस्क्यूज मी दाइ ।"

तब उनले मतिर मुन्टो घुमाउादै नर्मल स्वरमा भने– "भइगो, एस्कुच मी माग्यौ, आजलाई मैले तपइँलाई एस्कुच मी गरेँ । अइन्दा म जस्तो उचो व्याक्तित्तो बोलिराख्या ठाममा तपइँ जस्तो निचो व्याक्तिले मुख चिलाए पनि प्याप्र्यार गरेर डिस्टप नगर्नु नि ।"

मैले प्रहरीको हतकडीमा जकडिएको पाकेटमार जस्तो नतमस्तक भएर केवल 'ह'स' भनें ।"

उनी भन्दै गए– "आज तपइँकाँ यो अक्बार बोकेर के भन्न आइरथेँ भन्लाऊ भने, अब हाम्रा देउता-देउती पनि राँगा-साँगा, बोका-बोकी, कुख्रा-कुखी, हाँस-हाँस्नी, मुसा-मुसीका बलि भोगेर सेटिफाई हुने उइलेका देउता-देउती जस्ता दलिद्र छैन् क्या पाँडे भाइ । हाम्रो यो मातिरभूइँ नेपालका देउता-देउतीले नै हाम्रो पाटीलाई बौमतको शत्तिशाली बनाएसि हामेरले निउँधेरको स्टाण्डर उठाका छम् । हामेरले उँधेरलाई सत्र-अठार हज्जार कञ्चन-कञ्चन नेपाली मान्छेको बलि चढाएसि मात्तै उँधेरले हामेरलाई बल्यो बनाका हुन् । नाइँ त भन्रभनेदेखुन् एस देशाँ को बल्यो थ्यो भन्ने तपइँलाई नि मालमै होला । तेसो भा हुँदाखेरिन् अैले काँ-काँ ककल्ले राँगा-कुख्राको बलि दिनुको कौनै भेलू हुन्छ त ? भग्वान-भग्वान्नीका नाममा जीउ-जन्तु काटेर-मारेर त उइ मासु हसुर्ने मेलो त हो नि । उइ निउँपिउँ गरेर मासु खाने ट्याउटिस ! आठ हज्जार मान्छेको बलि दिया समचारलाई न्यूच बना'भा लौ त भन्नु आर्को कुरो भनम् नै भने- हामेरले बलि चढाका एउडा पनि ज्यान भग्वान बाएक हामेरु मद्दे कसैले चोक्ट्या'र करइ अथबा भाँडामा चइनेकेरे भुटेर अथबा झोल हालेर चाइनेकेरे गद्गद् पका'र खायौं त ? छ्याः ! हामी राच्छेस हम र जे पा'तेसकै गोस् खान्छौ त ? हो तेस्तो भग्वानले मात्तै खाने ज्यानको मात्तै पो भग्वानलाई बलि चढाउन मिल्छ त । खै कुरो बुज्या ती राँगा-भुइँसी बलि चढाउनेहरूले ? तेस्ता नाथे बलि चढाउनेले कुन देश जोत्भोक गन बर्दान् पाउनु हो कोनि ! नेपाल देशको सेरोफेरो त हामेरले पाइसक्यौं क्यारे ।...अैले पनि हामेरले हाम्रा बस गाडी, कार गाडी, ट्यासी गाडी, टडक, पिकप गाडी, टेक्टर इत्तेदि थोत्रा र तिन्का डाइबर मार्फत दिनमा एउडा-दोडादेखुन् अठार-उन्नाइस थानसम्म नेपाली मान्छेको बलि देउता-देउतीका नस्ता-सितनका लागि चढाइराखेका छम् भन्ने न्यूच डेलीका डेली तपइँले नि सुनिराखेकै होउलाउ । तेसो पो त हेर्ने दिस्टिकोन त । अनि यत्रो तिर्पाले रास्टिए अक्बारमा लाटकोसेरा-टाउके अछेरमा हेट लइन राखेर हजुरबाऊको पालाको हत्यार उचालेको फोटा राखी-राखी यो अन्पूर्नको क्रान्तिपुरीमा यत्रो खान एस्तो न्यूच छापा गर्‍या त ? बिकामे भ'छन् हओ पाँडे भाइ, काटमाडुँका अक्बारेहरु कर्मशः बिकामे हुँदै ग'छन् । कुन समचारको न्यूच छापा गरम् भन्र मलाई सोद्न छाडिहाले, के गर्ने !"

उनले निकै लामो आङ ताने र छिप्पिएको बाँसका जरा जस्ता औंला पढ्काउन थाले । यस मौकामा फेरि मेरो मुख थामिएनछ र फ्यास्स फुस्किएछ- "हो हुन त, मान्छे खान पल्केका ब्याँसा र चितुवाहरु अरु शिकारले सन्तुष्ट हुँदैन् भन्ने मैले पनि सुकेको हूँ ।"

उनले खुशी हुँदै भने– "म नचाइँने र यो बिस्सो-सन्सारका ठूलाठाला बिद्वान-साइनटिसहरूले नभनिरका कुरा कैल्यै भन्छु के त ? आमई नि ! अनि अैले नेपालका कुनै देउता-देउतीले राँगा-भुइँसी, सुँगुर-उँगुर, बोका-उका, कुख्रा-उख्रा, हाँस-उँस, मुसा-उसाको बलि रुचाउन् त इस् । र, बलि दिनेले बर्दान् पाउन् त उस् । हामेरले उबेला देको सत्र-अठार हज्जार कलकलाउँदा नेपाली ज्यानको बलि र अैले डेलीका डेली घटीमा एक थान-दुई थान र बढीमा अठार-उन्नाइस थानका दरको मानौँ बलिलाई अरुले के खा'र जित्छन् त हँ भाइ ? अनि यो क्रान्तिपुरी पत्रिकाको अन्पूर्नले एस्तो लिटिल समचारको न्यूच छापा गरेको पढेसि मरो कन्पारो तात्या हो ।.....र, अब म तुरुन्ताको तु घर जान्छु र अस्ति सोर-सत्र दिन देखुन् मसित लिबिङ टुग्यादर खेलिराखेकी मेरी रामदुलारीसँग बैठक बसी उसैलाई लेर काटमाडुँ जाने पस्ताउ पास गर्छु । रामदुलारी मसित गई भने काटमाडुँमा डिसकेस-कचेडा मच्चाउन ऊ कम तिखी छ ? उस्को सयोगले म आग्गो नफुकी काँ छोड्छु र ! एएएए, तेस्सै हामेरलाई उछिन्न आठ हज्जार राँगाको बलिको द्वाँस पिट्न पाइँछ के त ।....र, अैले म हिर्नैं पनि है पाँडे भाइ ।"......

उनी फुर्तिसाथ बाटो लागे । र, उनी गइरहेतिर हेर्दै मैले मनमनै भनें– "कुन बलि ठूलो-मान्छेको कि राँगाको ? यो चाहिँ एक किसिमले प्रस्ट पारेकै हुन् उनले घुमाई-फिराईआज !"......

# सिम्मामा र सपना



**रमेश समदर्शी**

घरको सिकुवामा एकजना बृद्धा बर्बराउँदै थिइन् । मुजा परेर चाउरी परिसकेको अनुहार केही मलिन देखिन्थ्यो । म अलिक टाढैबाट ती आमैलाई हेर्दै नजिकिँदै थिएँ । जति नजिक पुग्थेँ, आमैको बोलीमा केही स्पष्टता आउँथ्यो ।

उनी भन्दै थिइन्- 'अब कसले हेर्ला हामीलाई ? यो केटाकेटीको विजोग हुने भो !'

सिम्मामा सायद ठूली छोरी हुनुपर्छ । उनका एक दाजु र दुई भाइ छन् । आमैले विलौना गर्नुको कारण थियो, घरको खम्बा ढल्नु । अर्थात् घरमुली बित्नु । भर्खरै सद्गत गरेका रहेछन् । उनीहरुको घरमै सानो पसल थियो । हो, त्यही पसल अगाडि बसेकी थिइन् ती आमै । केटाकेटी छिमेकीको घरमा थिए ।

सिम्मामा करिब १९ वर्षकी जस्ती देखिन्थी । किशोरी अवस्थाकी सिम्मामाको पहिरन साधारण छ । जनजाति अनुहारमा साधारण पहिरन अति नै सुहाएको छ उसलाई । तर, जति नै सुन्दर देखिए पनि आफन्तको वियोग भने प्रष्ट झल्किन्थ्यो । जातले उनीहरु गुरुङ रहेछन् । तर, घरमुलीको काजकिरिया उनीहरुले एकै दिनमा सकेका थिए । आमा र छोरीबाहेक परिवारका अरु सदस्यमा त्यस्तो पीडा खासै देखिएको छैन । मानौं, उनीहरु अर्कै सम्प्रदाय र अर्कै धर्मावलम्वी हुन् ।

जातको कुरामा म अलिक आत्मीय बन्ने गर्छु । सिम्मामालाई मैले ठाडै सोधेको चाहिँ होइन । उसको मंगोलियन अनुहारले पनि होइन । उनको नामले मलाई नजिक बनाएको हो । सिम्मा चाहिँ राई जातिमा प्रयोग गरिने भाषा हो । तर, उनी थिइन् सिम्मामा । जिस्काएर पनि भनिहेरेँ, 'बरु सिम्मा राखेको भए हुन्थ्यो नि !' उनको प्रत्यूत्तर भने केही थिएन ।

सपनामा होस् कि विपनामा मलाई गाडी सिक्ने हुटहुटी चलेको छ । जो कोही चिनेजानेकाले गाडी ल्याउँदा म त्यसमा चढिहाल्छु । छेउमा बस्छु अनि साथीले चलाएको पार्टपुर्जामा ध्यान दिन्छु । हातमा स्टेरिङ परेको छैन । न त खुट्टाले ब्रेक, क्लज र एक्सिलेटर कुल्चन पाएका छन् । आखिर सपना न हो । विपना हुँदो हो त आँटै गरेर ड्राइभर सिटमा बसेर कुदाइन्थ्यो होला । तर, सपना भएकाले हुन सक्छ, आजसम्म स्टेरिङ घुमाएको छैन इञ्जिन स्टार्ट भएपछि ।

अहिले पनि म त्यस्तै सपना पूरा गर्ने दाउमा छु । साथीले मेरै अगाडि एउटा कालो रंगको स्कोर्पियो पार्किङ गरिराखेको छ । दाउ पूरा हुन कति कुर्नुपर्ने हो टुंगो छैन । तर, परबाट गाडी मालिक आएको देख्दैछु । उसको मालिक आएर गाडी स्टार्ट गर्छ । म साथीलाई छाडेर मालिकसँगै अगाडिको सिटमा बसेर के-के चलाउँछन् ध्यान दिएर हेर्छु । एकैछिनमा ती मालिकको घर पुग्छु । मालिक उत्रिएर घरकै काममा लाग्छन् । म भने गाडीलाई मन मनै घुमाएर पार्किङ गराउन खोज्छु ।

ती मालिककै छिमेकी रहिछन्- सिम्मामा । उनी त्यहीँ थिइन्, उनका भाइहरु र दाइ जस्ता देखिने युवक पनि थिए । उनी अलिक अनिँदो देखिन्थे । उनीहरु आफैँ सम्वाद गर्दै थिए । खोई, के कारणले अनिँदो भएको भनेर । साना भाइहरुले हाँस्दै भनेका थिए... कुन बजार जान नपाएको भनेर दाजुलाई जिस्काउँदै पनि थिए । त्यहीनेर दाजुभाइको गफ सुनेर हाँसो रोक्न नसकेर मुस्कुराएकी थिइन् सिम्मामा । मैले झलक्कै हेरेँ । कहीँ देखे जस्तो । चिने जस्तो । अनायासै मैले उनले लगाएको कुर्ताको बाहुलामा तानेर सोधेँ- 'तिमी त्यहीँ केटी होइनौं ?'

उनले हो, को संकेत गरिन् । मलाई भने नमिठो लागेर आयो । केही नबोली, कुनै प्रतिक्रिया नजनाई म छिमेकी घरतिर गएँ । हो त्यहीँ, ती बृद्धा बर्बराउँदै थिइन् । आफन्तको वियोगमा पीडा कसलाई हुँदैन । त्यस्तै पीडामा बर्बराएकी हुन् ती बृद्धा । घरमै पसल भएकाले मलाई त्यहाँ जानु कुनै संकोच नै भएन । मैले चुरोट खाने बहाना गरेँ । आमैले चुरोट खोज्न थालेपछि मैले भने मोबाइल निकालेर क्यामेरा सेट गरेँ । तर, मभन्दा आमै चलाख निस्किन् । भनिन्- 'किन खिच्नु र मेरो फोटो ।'

अघिल्लो दिनको साँझ फेसबुक चलाउँदै गर्दा साथी अर्जुन मेचेले पोस्ट गरेको सूचनाले मेरो दिमागमा गह्रौं गरी घर गरेको थियो । अर्जुनधारा नगरपालिकाका खेलकुद संयोजक मेचेले समितिलाई जानकारी नगराइ फुटबल खेलाडीको छनौटका लागि सूचना प्रकाशित गरेका थिए ।

आफू पनि सदस्य भएको नाताले जानकारी पाउनुपर्ने जिकिर मेरो दिमागमा चलिरहेको थियो । मनोमानी ढंगले सूचना निकालेको देखेर झ्वाँक चलिरहेकै थियो, भोलि बिहान फोन गरेर समाचार लेख्नुपर्ला भन्ने सोचिरहेको थिएँ । लेखेको चाहिँ थिइनँ ।

संयोगवश, अर्जुनधाराका मेयर हरिकुमार रानासँग भेट भएको बेला सोधेको थिएँ- 'मेयर साब खेलकुदमा मनपरी शुरु भएछ नि !' उहाँले पनि भन्नुभएको थियो- 'यस्तो नगर्नुपर्ने, साथीभाइसँग बसेर निर्णय गरिनुपर्ने हो, म बुझ्छु नी है बाबु ।'

चित्त नबुझेको विपनाका कुराले सपनामा पनि छाड्ने रहेनछ । मंसीर २३ गतेको यो घटना भोलिपल्ट सुल्झाउँला भन्ने थियो । तर, त्यहीँ रात सपनामा आइदियो । कुरा गर्न बाँकी नै छ, यथार्थ बुझौँला बिहान भएपछि । तर, समाचार लेख्न मन लागिरहेको छ । शीर्षक छ- 'अर्जुनधारा खेलकुदमा मनपरी शुरु !'

यही समाचार लेख्ने सुर थियो । आमैको पीडामा म अल्झिएँ । आमैको भन्दा पनि सिम्मामासँगको फ्ल्यास ब्याकमा । आमैको फोटो खिच्नलाग्दा सिम्मामा पनि हामीनेर आइपुगेकी थिइन् ।

'के लेख्नु परेको नि अर्काको कुरा ?', आउनासाथ उनले भनिन् । आग्रह हो कि अनुग्रह ? बुझ्न सकिनँ । पत्रकारको धर्म सम्झिएँ, बिना अनुमति समाचार लेख्नु, फोटो खिच्नु पनि आचारसंहिताले दिँदैन । दोधारमा परेँ । सिम्मामाले केही फलफूल दिए जस्तो लाग्यो । उनीतिर हेरेँ । तर, उनले त फ्याँत्त भुइँमा पो राखिदिएकी रहिछन् । 'यसरी दिन्छन् खानेकुरा ?' -मैले भनेँ । उनले केही प्रतिक्रिया दिइनन् । मात्र हेरिरहिन्... रिसाए झैँ गरेर ।

सिम्मामालाई एकछिन अघि भेटेको हो । त्यही पनि गाडी मालिकको घरमा । हिजो कतै देखेको पनि थिएँ जस्तो लाग्छ । म अहिले जहाँ बस्छु, त्यो चौतारा हुनुपर्छ । मैले एक रात बिताएको छु त्यहाँ परिवारसँग । झ्याल ढोका देखेको छैन । हामी बसेको बायाँपट्टि झोलुङ्गे पुल छ जस्तो लाग्छ । घरि नगरपालिकाको भवन छ जस्तो पनि लाग्छ । जे-जस्तो लागे पनि मैले सिम्मामालाई देखेको चाहिँ झोलुङ्गे पुलबाटै आउँदै गरेको नै हो ।

उनी अघि-अघि थिइन् । साधारण कुर्ता शुरुवाल पहिरनमा सिम्मामाका पछि केही सिस्टरहरु जस्ता देखिने महिलाहरु थिए । उनी मेरैसामु आएर केही भनिरहेकी थिइन् । आवाज स्पष्ट थिएन । सम्भवतः कुनै याचना गरिरहेकी थिइन् ।

मैले हुँदैन वा छैन त्यस्तै जवाफ आउने प्रतिक्रिया दिएँ । उनी अघि बढिन् । पछिमात्र देखेँ, सिस्टरहरुका पछाडि शव बोकिएको रहेछ । म ड्राइभर साथीसँग नै गफिइहेको थिएँ । जुन चौतारा भनिएको छ नि, हो त्यही हो मेरो हिजोदेखिको घर । भर्खरै बसाइँ आए जस्तो भएको छ । पाँच धुर भनिएको त्यो चौतारामा एक रात बितिसकेको छ असहजपूर्वक । मेरो साथीले पनि पाँच धुर पुग्छ होला भन्ने टाउको हल्लाएपछि मेरो मन ढुक्क भएको छ ।



त्यस घर भनौँ वा चौतारा । चौतारा भनौँ, मेरो परिवारको सरसामानले भरिएको छ । घर भनौँ, जोकोही पनि पसेर ओगट्न खोज्छन् । बिहान उज्यालो हुन पाएको छैन, दुई नानीहरु आएर जबरजस्ती लुकामारी खेल्छन् सरसामान माथि । फेरि, खजुरो र बिच्छी एकापसमा लडाइँ खेल्दै भित्रै पसेपछि मार्नुको विकल्प नदेखेर चप्पलको सहारा लिएको थिएँ ।

हामी आफ्नै गफको धुनमा थियौँ । गफकै क्रममा हाम्रा अघिल्तिरबाट एक हुल दायाँपट्टिको भवनतिर छिर्‍यो । हामीले वास्ता गरेनौँ । अगाडि पार्किङ गरेको गाडी हेर्दै गफ अघि बढिरह्यो । त्यहीबेला साथीले चलाउने गाडीको मालिक आएर म पनि सँगै गएको थिएँ । मालिकको घर पुगेपछि भेटिएकी थिइन् सिम्मामा । उनीहरु त्यहाँ गाईको दूध लिन पुगेका रहेछन् । गाडी मालिकको आँगनमा झट्ट देखेपछि चौताराको याद आयो अनि दौडिएको थिएँ सिम्मामाको घर ।

आमै बर्बराउँदै गर्दा म सिम्मामाको घर पुगेको थिएँ । मलाई आमैले भन्दा पनि सिम्मामाले नै खुलेर बताउन चाहन्थिन् । उनका बुवा घरबाट हराएको धेरै भएको रहेछ । हिजोमात्र खोइ कसले खबर पठाएछन् फेला परेको तर मृत । 'खोपिल्टो जस्तो ठाउँमा रहेछ' -उनले भनिन्- 'मलाई उठाउनु भन्दै थिए सकिनँ ।'

अब मलाई नमिठो लागेर आयो । उनै हराएका बुवा लिएर सिम्मामा मेरो छेऊ आएकी रहिछन् । त्यो बेला उनले के याचना गरेकी थिइन्, सोध्ने आँट आएन यतिखेर । सुक्सुकाइरहेकी थिइन् सिम्मामा ।

साँच्चै भन्ने हो भने मैले सिम्मामालाई किन नकारेको थिएँ ! मलाई बिर्तामोडका चोक र गल्लीमा मार्केटिङमा लागेका भाइबहिनीले गरेका अनुनय र विनय सम्झेर हो, अरु कुनै कारण छैन । त्यस्तै ठानेर मैले कुरा नसुनी, नबुझी सिम्मामालाई 'हुन्न'को जवाफ फर्काएको थिएँ ।

दुःख त सबैलाई पर्छ । मलाई पनि दुःख परेर यहाँसम्मको जीवनयात्रा पार गरेको हुँ । जुन घर भनेर एकरात बिताएको चौतारा थियो । र, त्यहाँ रात बिताउने अरु मेरा परिवारका सदस्य थिए नि । ती पनि परिवारका सबै दिवंगत सदस्य नै थिए । जसरी सिम्मामाका बुवा दिवंगत भएर चौतारा अगाडि ल्याइँदै थियो ।

मैले चौतारामा बास बस्नुअघि झापा अर्जुनधारामा सिलु, निलुको पापा अर्थात् मेरो मामा बितेको खबर पाएको थिएँ । मेरो आमा र उहाँ दाजुभाइका सन्तान थिए । तर, मेरो आमा, आप्पा अनि छेमा यसअघि नै बितिसक्नुभएको थियो । जो सपनामा परिवारका सदस्य बनेर चौतारामा बास बस्न आइपुगेका थिए ।

सायद, दिवंगत आत्माहरुको पनि भेट हुँदो हो । त्यहीँ भेटपछि आफ्ना सन्तानलाई सम्झिए, वा मैले उहाँहरुलाई सम्झिएँ । चौताराको बास बनेर यो तेह्रथुमको सदरमुकाम म्याङलुङको ब्लु हेभन होटलको १०१ नम्बर कोठामा बिहानको उज्यालो हुनै लाग्दा सपना बनेर आइदियो ।

नजिकै रहेको म्याङलुङ देवीको मन्दिरमा घण्टहरुको चर्को आवाज आइरहेको छ यतिबेला । म ब्यूँझिदा आवाज थिएन, आधा घण्टा अघिसम्म पनि थिएन । पौने ६ भएछ अहिले । ब्यूँझदा सवा तीन भएको थियो । छेवैको बेडमा भाइ नारायण अर्याल ब्यूँझेर मोबाइल चलाइरहेको थियो । उ पनि अहिले त निदाइसकेछ । अर्को बेडमा भाइ राजु पौडेल घुरेर निद्रा पुर्‍याउँदैछ निरन्तर ।

ढोका र झ्यालका कापबाट छिरेका ठिहीले टाइपिङ गरिरहेका दुवै हातका पाखुरा चिसिइसकेका छन् । कचल्टिएका निन्द्राले आँखा पोल्न नि थाल्यो । अब म सुत्नु कि उठ्नु । आँखा अहिले पो पोल्न थाल्यो । भरै दिउँसो भगिमानसिंह तुम्बाहाम्फे स्मृति गोल्डकपको लाइभ गर्नुछ, गोलनेपालबाट । अनिँदो बस्दा प्रेसर बढ्ला भन्ने डर छ ।

तर जेहोस्, पहिलो रात वा बिहानको यो हो मेरो कर्म । म सम्झिरहेको छु पत्रकार मित्र कुमार भट्टराईलाई । जतिखेर जे फुर्छ टिपेर राख्नुपर्छ भन्ने शब्द मेरो मनमा भए पनि उनले दोहोर्‍याइदिएका थिए । अनि एकै पटकमा फाइनल गरेँ -सिम्मामासँगको भेट र सपना ।

कथा



भुवन तामाङ

# कालो चोली



कले भन्छ, 'ए दिले, ए बले ! यो खोलाको काम कहिलेसम्म गर्ने हो ?' उनीहरुमध्ये दुई जना त खाडीमुलुक गएर उल्टै पैसा डुबाएर फर्केका हुन् । भन्छन्- 'उताको दुःख, ऋणपान तिर्न नपुग्ने कमाई अनि परिवारसँगको बिछोड व्यहोर्नुभन्दा त आफ्नै देशमा पसिना बगाउनु निको होइन र कले !' हुक्के पनि हो मा हो मिलाउँदै भन्छ- 'तर यताको दुःखमा केही कुराको ग्यारेन्टी त छ नि होइन र साथी हो ।' खन्द्रे सोध्छ- 'के कुराको ग्यारेन्टी छ हुक्के ?' हुक्के भन्छ, 'त्यो हो, काम, आम्दानी र घरपरिवारकै साथमा बस्न पाउनु । होइन त साथी हो ?'

यही कुरा पत्ता लगाएका उनीहरु आफ्नै गाउँ नजिकको खोलामा ढुङ्गा भेला पार्न र बालुवा चाल्न थालेका छन् । एक ट्याक्टर या टिपरलाई पुग्ने ढुङ्गा या बालुवा ठीक पारिसक्दा हाताहाती राम्रो रेटमा ठेकेदारहरुले किनेर लगिहाल्छन् । शिक्षा, पहुँच, अर्थ र अवसरबाट वञ्चित वर्गका लागि यो राम्रै काम हो । उनीहरुको आँखामा खोलै संसार । कले, दिले, बले, खन्द्रे र हुक्के खल्याङ्बल्याङ् गर्दै खोलामा पुग्छन् । उनीहरुको चुलोचौकाको साधन बनेको यो खोला महाभारत पर्वतको तल्लो भेगबाट बग्दै आउने गर्छ । उसले धेरै-धेरै ढुङ्गा, बालुवा, मलिलो माटो र माछाहरु बगाएर ल्याउने गर्छ । कहिलेकाहीँ त अचम्म लाग्दा चिजहरु पनि बगाएर ल्याउँछ र रमितै बनाउँछ ।

पाँच जनामध्ये कोही कोदालोले गेग्रान पन्छाउँछन्, कोही बालुवा जालीमा चाल्न थाल्छन् । कोही गैंतीले ढुङ्गा कोट्याउन थाल्छन् त कोही झम्पलले बालुवाको गहिराइबाट ढुङ्गा निकाल्छन् । कोही निकालिएका ढुङ्गा एकठाउँमा थुपार्छन् । टीम मिलेर काम गर्छन् । केहीबेर मच्चेर काम गरिसकेपछि बले भन्छ- 'ए साथी हो यसो खैनी खाउँन ।' दिले भन्छ- 'ऊ आफू चाहिँ खैनी ल्याउँदैन खालि मागेर खान जान्या छ ।' पाँचैजना मजाले हाँस्छन् ।

फेरि अर्को खेप काम गरिसकेपछि उनीहरु पानी पिउन र थकाई मार्न पानी बगिरहेको ठाउँमा भेला हुन्छन् । एउटा भन्छ- 'यो खोलाको पानी गाउँमा आउने धाराको पानीभन्दा मीठो छ हो कि ?' उनीहरु ढुङ्गामा टुसुक्क बस्दै गफिन्छन् । एउटा उठेर उता फर्केर पिसाब फेर्न थाल्छ । एकले भन्छ- 'होइन ए अलि पर गएर त पिसाब गर् । यै खोलाको पानी पिउनु छ, पानीमा पर्नेगरी पिसाब गर्नु त ?' उनीहरु गलल हाँस्छन् । यत्तिकैमा खन्द्रे जुरुक्क उठ्छ । अर्को भन्छ- 'यसको थकाई मरे जस्तो छ । जा ढुङ्गा थुपार्दै गर ।' तर खन्द्रे पानीको भङ्गालोतिर दगुर्छ । एक सोध्छ- 'के देखिस ए खन्द्रे पानीमा माछा हो ?' जवाफमा खन्द्रे भन्छ- 'के को माछा हुनु ।' अर्को सोध्छ- 'किन मुन्टिस् त ?' खन्द्रे भन्छ- 'कालो चोली रछ के ।' कोही सोध्छ- 'के गर्नु त त्यो झुम्रो ? कोही मोरीले पुरानो भएपछि खोलामा फालि होली ।'

तर, चोली भन्ने बित्तिकै केटाहरुको मनमा तरङ्ग सञ्चार भइ सकेको छ । उनीहरु हानिदै त्यहाँ पुग्छन् र सोध्छन्- 'खोइत खन्द्रे चोली ?' खन्द्रे चोली देखाउँदै भन्छ- 'उ देखिनस् बगेर जाँदैछ त ।' बले भन्छ- 'अनि टिप्नु पर्दैन त ?' खन्द्रे भन्छ- 'तोइ टिप्न मुला ।' हुक्के, 'आहा कति राम्रो कालो चोली' भन्दै कुदेर गएर सङ्लो पानीबाट टिपेर ल्याउँछ । चोलीको दर्शन गर्दै एकछिन् सबैजना गलल हाँस्छन् । हुक्के चोली समाएको समायै हुन्छ । खोलाको पानीले भिजेको अनि घाममा टलक्क टल्किरहेको त्यो कालो चोलीलाई सबैले पालै पालो स्पर्श गर्छन् । उनीहरुमा नौलो अनुभूति छाउँछ मानौ हल्का करेन्ट लागेको होस् ।

हुक्के भन्छ- 'कसलाई चाहिन्छ यो चोली ? समाति हाल् ।' केटाहरु 'म लान्छु' भन्दै खोसाखोस गर्न थाल्छन् । हुक्के कड्किँदै, 'च्यातिन्छ ।' केटाहरु सम्हालिन्छन् । दिले भन्छ- 'होइन चोली त नयाँ नै छ हो की ?' बले भन्छ- 'कस्ले फाली होली ?' कले भन्छ- 'खोलामा लुगा धुँदा बग्यो होला ।' हुक्के भन्छ- 'तर कस्को होला ?' एक भन्छ- 'हाम्रै बुढीहरु कसैको हो कि ?' अर्को भन्छ- 'आफ्नो बुढीको चोली पनि नचिन्नु ?' बले भन्छ- 'चाहे जे होस्, छ न चैं यो कालो चोली बिछट्टै राम्रो छ होइन त ?' अर्को भन्छ- 'हेर् त केटा हो, यो चोली टाँक पछाडि लाउने खालको र'छ ।' अर्को भन्छ- 'अँ यो त निकै राम्रो टेलरमा सिएको हुनुपर्छ ।' अर्को भन्छ- 'हन हौ यो केटाहरु के-के भन्छ भन्छ मुख्ये कुरा चाहिँ हेर्न मुला हो ।' अर्को भन्छ- 'के हो मुख्ये कुरा तोँइ भन्दे न त ।' 'थुइक्क त्यतिपनि थाहा भएन ।' 'अनि ।' 'हो त ।' 'चोलीको अगाडिको भाग चाहिँ हेर्न ।' दिले भन्छ, 'आ हा हा कस्तो सेक्सी चोली हो कि ?' केटाहरु मरिमरि हाँस्छन् ।

खन्द्रे चोली दुईहातले समाएर उचाल्छ । अरु चारजना निःशब्द हुन्छन् । मानौं त्यहाँ कुनै सुन्दरी उनीहरुको अगाडि सर्लक्क उभिएकी छे कालो चोली लगाएर । उच्च र सुन्दर बक्षस्थल देखेर केटाहरु मन्त्रमुग्ध हुन्छन् । उनीहरु के-के कल्पनामा डुब्छन् । खन्द्रे चिच्याउँछ, 'ओए केटाहरु के भो तिमेरलाई ?' केटाहरु झसङ्ग हुन्छन् । खन्द्रे सोध्छ- 'तिमेरलाई रुघा लागेको छ ? के तिमीहरुको नाक बन्द भको छ ?' केटाहरु भन्छन्- 'छैन त ।' खन्द्रे भन्छ- 'अनि यो चोलीबाट कस्तो मिठो बासना आइराछ तिमेरको नाकले सुँघेन ।' केटाहरु पालैपालो कालो चोली सुँघ्छन् । कोही भन्छ- 'खोइ मैले त केही पनि बासना थाहा पाइन्छ ।' अर्को भन्छ- 'अँ कता-कता बजारे सेन्ट हो की जस्तो लाग्यो ।' अर्को भन्छ- 'ढुँडी-ढुँडी गन्हायो क्या ।' केटाहरु उफ्रिपाफ्री गर्दै हाँस्छन् । बले भन्छ- 'चोलीबाट जे-जे बासना आयो यस्तै बासना आउने गाउँमा को छे उसैको हुनुपर्छ यो चोली ।' केटाहरु फेरि हाँस्छन् ।

खन्द्रे भन्छ- 'अब हेर् केटा हो यही चोली हेरेर बस्यौं र रित्तै खल्ती लिएर घर गयौं भने बुढीले चिसो अगुल्टोले हान्छे । त्यसैले यो चोली खोलामा बगाइदिउँ र काममा लागौं ।' एक भन्छ- 'होइन-होइन यसलाई एउटा किलामा उनेर काम गर्ने ठाउँमा अड्याउँ । दिनभरि हेर्न पनि हुन्छ र साँझमा जसलाई लान मन लाग्छ लगे हुन्छ ।' उनीहरुबीच यस्तै सहमति हुन्छ । तर, बेलुकी चोली घरलाने एकभन्दा धेरै निस्कन्छन् । उनीहरुबीच झगडा पर्ला जस्तो हुन्छ । त्यसैले त्यो कालो चोली किलोमा उनेर त्यहीँ छाड्ने सहमति हुन्छ । भोलिपल्ट बिहान उनीहरुलाई चाँडै निद्राले छोड्छ किनकि सपनामा पनि त्यै कालो चोली देख्छन् । उनीहरु एक-एक गर्दै चाँडै खोलामा पुग्छन् । तर, त्यो कालो चोली गायब भइसकेको हुन्छ । 'कस्ले लग्यो होला त चोली ?' उनीहरुलाई लाग्नुसम्म विस्मात लाग्छ । निकैबेर उनीहरु एकअर्कालाई दोष लगाउँदै झगडा गरिरहन्छन्, तर हराइ त गयो चोली । अन्ततः उनीहरु चुपचाप काममा गर्न थाल्छन्, त्यो मादकता भरिएको कालो चोली लगाउने आ-आफ्नै कल्पनाकी सुन्दरीसँग के-के गरेको मनभरि कल्पना साँच्दै ।

# सञ्चारकर्मी शशी नेपालले गरिन् सरकारको खबरदारी

सञ्चारकर्मी शशी नेपालको प्रस्तुतिमा देशमा भइरहेका बेथिति-विसंगति माथि प्रहार गर्दै तयार पारिएको लोक दोहोरी गीत सार्वजनिक भएको छ ।

प्राइम टाइम्स टेलिभिजनकी समाचार वाचक समेत रहेकी नेपालले गीतकार अविरल विसी र संगीतकार खेम सेन्चुरीसँगको सहकार्यमा राष्ट्रियता झल्किने गीत तयार पारेकी हुन् । माया, प्रेम, विछोड, सामाजिक परिवेश आदिलाई समावेश गरेर तयार पारिने गरेको सन्दर्भमा आफूले पछिल्लो समय देश र जनतालाई परेको मर्का समावेश गरेको नेपालले बताइन् । अन्य कलाकारहरूको समेत आवाज समेटिएको गीतमा नेपालको सीमा मिचिएको विषय, एनसेललाई कर छुट दिइएको विषय, निर्मला पन्त प्रकरण, वाइडबडी काण्ड, वालुवाटारको जग्गा काण्ड, नेताहरूको गैर जिम्मेवारीपन र विलासी जीवन माथि कटाक्ष गर्दै सशक्त ढंगले उठान गरिएको छ ।

भ्रष्टाचार, कुशासन र दण्डहिनताको अन्त्य गर्नका लागि प्रेरणा मिलोस् भन्ने उद्देश्यले गीत तयार पारिएको प्रस्तुतकर्ता नेपालले बताइन् । गीतको भिडियोसहित सार्वजनिक भएपछि नेपालले भनिन्- 'यस्ता सन्देश दिने गीतहरू विगतमा पनि नबनेका होइनन्, कतिपय गीतलाई त विवादमा पनि ल्याइयो । तर, विवादमा ल्याउनुभन्दा पनि मनन् गर्न तर्फ ध्यान जाओस् भन्ने मेरो चाहना हो ।'

उक्त गीत व्यवसायिक प्रयोजनका लागि नभै सन्देश र चेतना फैलाउनका लागि तयार पारिएको नेपालले बताइन् । विसीले लेखेका शब्द यथार्थपरक र देशका लागि थोरै भए पनि योगदान दिनेखालका भएकाले गीतमा लगानी गर्न आफू तयार भएको नेपालको भनाई छ । धेरै राम्रा राम्रालोक दोहोरी गीतमा लय र संगीत दिई सकेका खेम सेन्चुरीले यस गीतलाई पनि निकै कलात्मक ढंगले तयार पारेकाले आफू सन्तुष्ट रहेको नेपाल बताउँछिन् । यसअघि राष्ट्रिय भावना समावेश गरिएको गीतमा मोडलिङ गरिसकेकी नेपालले यसपटक आफूसहित अन्य कलाकारको स्वर समावेश गरेर दबाबमूलक गीत ल्याएकी हुन् । यसअघि उनले 'देशको माया' बोलेको गीतमा मोडलिङ गरेकी थिइन् ।




शशी नेपालको साथमा गीतकार अविरल विसीसँगै सम्झना भण्डारी, मेक्सम खाती, नरेश खाती, भागिरथ चलाउने, विक्रम परियार, विजय सुनाम र जानकीतारामी मगरको स्वर रहेको छ । सीमा सारू र सरू आले मगरले पनि स्वरमा साथ दिएका छन् । भिडियोको निर्देशन विनोद भण्डारीले गरेका हुन् । सेन्चुरीको लय र संगीतमा सागर विरहीले एरेन्ज गरेका हुन् । मालश्री स्टुडियोमा रेकर्ड गरिएको गीतको अडियो मिक्सिङ खड्क बाजुरालीले गरेका हुन् । विरेन्द्र भट्टको छायांकनलाई विकास झवालीले सम्पादन गरेका हुन् ।

आफ्नो गीतको टिममा आवद्ध सबैको मेहनतले एउटा राम्रो गीत तयार भएकोमा खुशी व्यक्त गर्दै प्रस्तुतकर्ता नेपालले सबैलाई धन्यवाद दिएकी छिन् । देश र नागरिकले पाएको समस्या, शासक वर्गले गर्नुपर्ने । तर, नगरेका काम देखेर धेरै चिन्ता लागे पनि प्रत्यक्ष रूपमा केही गर्न नसके पनि गीत मार्फत खबरदारी गर्ने आफ्नो लक्ष्य रहेको नेपालले बताइन् । अब आफ्नो एकल स्वरमा गीत निकाल्ने तयारीमा रहेको पनि नेपालले जानकारी दिएकी छिन् ।

**प्रस्तुति : रिताश्मा मुखिया**


## झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।

दानावारी, महमाई, लारूम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५ ,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इञ्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई


## पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ

(हल ए) हिन्दी सिनेमा
पहिलो शो ११:४५
Mardaani-2
दोस्रो शो २:४५
Mardaani-2
तेस्रो शो ६:४५
Mardaani-2

(हल बी) हिन्दी सिनेमा
पहिलो शो ११:४५
Jumanji: The Next Level
दोस्रो शो २:४५
Jumanji: The Next Level
तेस्रो शो ६:४५
Jumanji: The Next Level



बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ ।
फोन नं. ०२३-५४६४३६




## हाडजोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका बिशेषज्ञ बिर्तामोडमा

स्पार्क अस्पताल काठमाडौं तथा काठमाडौं न्यूरो अस्पतालका बरिष्ठ डाक्टर अनिलकुमार महतो यही मंसीर २९ गते आइतबार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहन्छ । आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस् ।
जाँच हुने समस्याहरु :
- ढाड, कम्मर, गर्दन, घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झमझमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

समय : बिहान ८:०० देखि ३:००

स्पार्क पूर्वाञ्चल अस्पताल
कन्काई रोड, बिर्तामोड टेलिकम पूर्व
फोन नं. : ०२३-५४०१२३, मोबाइल नं. : ९८५२६७५०३३

## बिना अपरेशन सफल उपचार


दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।
उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।



बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८


## वर्गीकृत विज्ञापन

### साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्कः ९८०६०८३८७६, ९८६२६४८२८२, ९८२४९८११७४, ९८४४६४७०६७

### सेफ्टी ट्याङ्की तथा ढल सफाई
अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट् फोट झट् सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

### कर्मचारी आवश्यकता
Math Teacher: १ (कक्षा ७ देखि १० सम्मका लागि)
English Teacher: १ जना (कक्षा ७ देखि १० सम्मका बिर्तामोडका लागि)
Math & Science Teacher: १ जना (कक्षा ५ लागि)
Montusori Teacher : २ जना (महिला)
Marketing Manager : १ जना (बाइकको लाइसेन्स भएको)
कुक : ४ जना वेटर : ५ जना
नेपाल जब्स केयर सर्भिस प्रा.लि.
अतिथि सदनको पश्चिमपट्टी जेसीज भवन पछाडि, फोन : ०२३-५४६६८३
मो.: ९८२५९८७९००

### सेक्युरिटी गार्डको आवश्यकता
पुरुष/महिला संख्याः २५
सेक्युरिटी/फायर/फस्टएड सम्बन्धी फ्रि तालिम
इन्टर सर्भ सेक्यूरिटी ग्रुप प्रा.लि.
प्रधान कार्यालय अन्नपूर्ण चोक बिर्तामोड, झापा
फोनः ०२३-५४५७८२, ९८०६०६१७००, ९८४४६८६९७०, ९८०६०७५६७८

### बारमासे कागती खेती ! गरौं है उन्नती !!
बारै महिना र धेरै मात्रामा फलिरहने सबभन्दा उन्नत जातको कागती खेती गर्न राम्रो बिरुवा चाहिएमा आजै सम्पर्क गर्नुहोस् ।
सम्पर्कः ९८१७९३३५८२, ९८१३८४४९२९

### आवश्यकता
सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।
सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि. बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

### जग्गा बिक्रीमा
बि.एण्ड.सी. हस्पिटलबाट ५ मिनेटको पैदल दुरीमा (हर्कलाल मार्ग छेउ) ४ पाटा मिलेको ८ धुर जग्गा सस्तो मूल्यमा बिक्रीमा छ ।
मो. ०२३-५४५७५३, ९८१७९५४२३८

### गिटी बालुवा चाहिएमा
झापामै पहिलोपटक अत्याधुनिक मेशिन र प्रविधिबाट प्रशोधन गरिएको निर्माण सामग्रीहरु बालुवा, गिटी, सिल्कन, वेश आदि चाहिएमा तु-सम्पर्क गर्नुहोला ।
सयपत्री
९८४२६५४४००, ९८०४९५४४००

### आवश्यकता
शिक्षक : २ जना (सोसियल+होस्टल शिक्षक खानाबस्न छ)
कुक : १ जना वेटर : ५ जना
लेखापाल : १ जना (अनुभवी)
मार्केटिङ म्यानेजर : १ (लाइसेन्स भएको)
पिनाकल जब्स केयर सर्भिस
बिर्तामोड, (९८१४९०४७६४, ०२३-५४४६६०)

### पसल बिक्रीमा
बिर्तामोड शनिश्चरे रोडस्थित रास्ता हाउस भित्र ६ वर्षदेखि चालू अवस्थाको कम्प्युटर, ल्यापटप, प्रिन्टर, सीसी टिभी रिपेयर तथा सेल्सको पसल बिक्रीमा छ ।
सम्पर्क : ९८४४६०५१४५, ९८१४०९९००९

### घडेरी बिक्रीमा
झापाको झिलझिले बजार नजिक ३८ फुट मुख भएको १६ धुर आकर्षक घडेरी बिक्रीमा छ ।
सम्पर्क :
९८१८६९०७३६, ९८०६९५४३८०

### टाटा सुमो गाडी भाडामा चाहिएमा
बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।
मो. ९८१५९५२४९९, ९८४१३२१४६४

### जग्गा बिक्रीमा
झापाको बिर्तामोड- ३ स्थित भद्रपुर रोडबाट पश्चिम व्यापारिक केन्द्र बिन्दुमै रहेको १४ धुर जग्गा बिक्रीमा छ । इच्छुकले सम्पर्क गर्नुहोला ।
सम्पर्क :
९८१६९८४१५३, ९८०४९१३९८७

### पत्रिका समयमा पाउनु भएको छैन ?
मो. ९८०७९१०२२२
पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।







ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** आत्मविश्वासको कमीले पछि परिनेछ । काममा बलजफ्ती गर्दा पनि समस्यामा परिनेछ । इर्ष्या गर्नेहरूबाट जोगिएर अघि बढ्नुहोला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** शुभचिन्तकहरूको भावनालाई विचार गरेर काम शुरु गर्दा फाइदा हुनेछ । खर्च हुने डरले सताउन सक्छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** वादविवादले व्यर्थैमा मान हानी गराउनेछ । आजको श्रमबाट पछिलाई लाभ हुनेछ । तर, गोपनीयतामा विशेष ध्यान पुऱ्याउनुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । प्रतिष्ठित काम गर्दै नाम, दाम र इनाम कमाउने बेला छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** रचनात्मक काम प्रारम्भ हुनेछ । सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त होला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** दिगो योजनाका लागि ऋण लिने समय छ । अवसरका लागि केही दौडधुप गर्नुपर्ला । खर्च लागे पनि लगानी बढाउने अवसर प्राप्त हुनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** उपलब्धिमूलक यात्रा गर्ने प्रक्रिया अघि बढ्न सक्छ । टाढाका साथीभाइसँग आत्मीयता बढ्नेछ । विदेश भ्रमणका लागि प्रयत्न गर्ने समय छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** फाइदाका पछि लाग्दा धनमाल गुम्न सक्छ । काम रोकिनाले दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला । सुरक्षामा ध्यान दिनुपर्ला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** मेहनतको राम्रो परिणाम प्राप्त हुनेछ । दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । आयआर्जनका स्रोत बढ्नेछन् ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** प्रतिक्षित नतिजाले पनि उत्साह जगाउनेछ । व्यापारमा लाभांश बढ्नाले मन उत्साहित हुनेछ । आवश्यक भौतिक साधन जुट्नेछन् ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** लगानीका रूपमा सञ्चित धन उपयोग गर्दा लाभ हुनेछ । अध्ययनमा नयाँ ज्ञान सिक्ने अवसर प्राप्त हुनेछ ।

# बिर्तामोडमा द एभरेष्टको सेवाकेन्द्र



**बिर्तामोड, मंसीर २७।** दमकमा मुख्य कार्यालय रहेको द एभरेष्ट बचत तथा ऋण सहकारी संस्थाले बिर्तामोडमा सेवा केन्द्र सञ्चालनमा ल्याएको छ ।

'दिगो विकास लक्ष्य प्राप्तिका लागि सहकारी' भन्ने मूल नाराका साथ २०६८ सालबाट सञ्चालनमा आएको सहकारीले उल्लेखनीय प्रगति गर्न सफल भएको अध्यक्ष दीपक खरेलले बताए । पाँच हजार आठ सय शेयर सदस्य रहेको सहकारीले आफ्नो सेवा विस्तार गर्ने क्रममा केर्खा, सुरुङ्गा हुँदै शुक्रबारबाट बिर्तामोडमा पनि सेवाकेन्द्र सञ्चालनमा ल्याइएको उपाध्यक्ष रोशनकुमार गौतमले जानकारी दिए ।

बिर्तामोड सेवाकेन्द्रको उद्घाटन गर्दै प्रमुख अतिथि समेत रहेका बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराईले द एभरेष्ट बचत तथा ऋण सहकारी संस्थाले बिर्तामोडमा सेवाकेन्द्र सञ्चालनमा ल्याएसँगै पूर्वका सदस्यहरुलाई सहकारी मार्फत कारोबार गर्नसहज भएको बताए ।

उनले सहकारीले आफ्ना शेयर सदस्यको हितमा काम गर्नुपर्ने भन्दै इमान्दर रुपमा काम गरे जुनसुकै स्थानमा सफल हुन सकिने उदाहरण द एभरेष्टले दिएको उल्लेख गरे । उनले सहकारीलाई सहकारी मर्म र सिद्धान्तमा अघि बढ्न सुझाव समेत दिएका छन् ।

पाँच करोड ६५ लाख ५३ हजार दुई सय १८ रुपैयाँ शेयर पुँजी रहेको संस्थाले ३९ करोड ८२ लाख ७१ हजार चार सय ८८ रुपैयाँ कर्जा लगानी गरेको छ भने निक्षेप ३३ करोड ६२ लाख ३४ हजार आठ सय ३२ रुपैयाँ रहेको संस्थाका व्यवस्थापक नवराज बास्तोलाले जानकारी दिए ।

संस्थाले वित्तीय कारोबार मात्रै नभएर विभिन्न सामाजिक कार्यहरु समेत गर्दै आएको जनाइएको छ । दमकलाई हरित नगर बनाउन वार्षिक उत्सवका अवसरमा वृक्षरोपण गर्नुका साथै अपाङ्गता भएका बालबालिका तथा अनाथहरुलाई सहयोग गर्दै आएको संस्थाले जनाएको छ ।

बिर्तामोडमा सेवाकेन्द्र सञ्चालनमा आएसँगै यस क्षेत्रमा समेत सामाजिक कार्यहरु अघि बढाउने अध्यक्ष खरेलले जानकारी दिए ।

# उधौली र चासोक तङ्नाम मनाइयो






**झापा, मंसीर २७।** झापामा उधौली पर्व, ज्यापू दिवस र धान्य पूर्णिमाका अवसरमा विविध कार्यक्रम सम्पन्न भएको छ ।

यसैबीच १३ जातजातिको सामुहिक धार्मिकस्थल रहेको भद्रपुर-२ स्थित कमलधाप संयुक्त धार्मिक स्थलमा किरात जातिले उधौली पर्व धुमधामका साथ मनाएका छन् । प्रत्येक वर्ष मंसीर पूर्णिमाको दिनदेखि मनाइने उधौली यस वर्ष पनि कमलधापमा राई, लिम्बू, याख्खा, सुनुवार र भुजेल जातिले आ-आफ्नै तरिकाले मनाएका हुन् ।

राई जातिले उधौली साकेला, लिम्बू जातिले चासोक तङ्नाम (न्वागी पूजा), याख्खा जातिले चासुवा, सुनुवार जातिले फोलस्याँदर र भुजेलले भुजेली पर्वको नामले यो पर्व मनाउँदै आएका छन् । कार्यक्रममा धाननाच (यालाङ), च्याब्रुङ नाच (केलाङ), लिम्बू खानपिन, लिम्बू सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो ।

त्यसैगरी किरात याक्थुङ, चम्लुङ भद्रपुर नगर शाखाले आयोजना गरेको चासोक तङ्नाम उधौली पर्वको कार्यक्रममा दोस्रो भ्वाइस अफ नेपालका बिजेता झापाका राम लिम्बू र गायक प्रमोद खरेलले सहभागिता जनाएका थिए । सोही अवसरमा किरात याक्थुङ, चम्लुङ भद्रपुर नगर शाखाले कमलधापमा निर्माण गर्न लागेको युमाहिम संग्रहालय तथा सामुदायिक भवनको शिलान्यास समेत गरिएको थियो ।

उक्त भवनको शिलान्यास झापा क्षेत्र नं. ३ का सांसद राजेन्द्र लिङ्देन र प्रदेश सांसद बसन्त बानियाँले गरेका थिए । संघीय सांसद कोषबाट १० लाख र आन्तरिक पाँच लाख बजेटबाट १० बर्षीय गुरुयोजना बनाएर सो भवन बनाउन लागेको जनाइएको छ । किरात याक्थुङ, चम्लुङ भद्रपुर नगर शाखाका अध्यक्ष काजीमान लिम्बूको अध्यक्षता तथा सांसद लिङ्देनको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा प्रदेश सांसद बानियाँ, भद्रपुर नगर प्रमुख जीवनकुमार श्रेष्ठ, उपप्रमुख चन्द्रमाया श्रेष्ठ, नेकपाका जिल्ला सदस्य डिल्ली घिमिरे (हिक्मत), नगर इन्चार्ज असारु राजवंशी, झापा उद्योग बाणिज्य संघका अध्यक्ष नवराज पनेरु लगायतले मन्तव्य राखेका थिए ।

उता चासोक तङ्नाम उधौली पारेर किरातेश्वर माङ्हिमको आयोजनामा विविध कार्यक्रम गरिएको छ । किरातेश्वर माङ्हिमका अध्यक्ष कविन्द्रविक्रम नेम्वाङको अध्यक्षता तथा सांसद राम कार्कीको प्रमुख आतिथ्य रहेको कार्यक्रममा मेचीनगर नगरपालिकाका प्रमुख विमल आचार्य, उपप्रमुख मीना उप्रेती, वडाध्यक्ष गोपाल खड्का लगायतले मन्तव्य राखेका थिए । सल्लाहकार संयोजक प्रेम सम्वाहाम्फेले स्वागत गरेको कार्यक्रमको सञ्चालन मुकेश तुम्रोकले गरेका थिए ।

त्यस्तै कनकाई नगरपालिका वडा नं. ७ दुर्गापुरस्थित किरात याक्थुङ चुम्लुङ वडा कार्य समितिको आयोजनामा चासोक तङ्नाम कार्यक्रम सम्पन्न भएको छ । संस्थाका अध्यक्ष प्रेमकुमार फोम्बोको अध्यक्षता तथा राष्ट्रिय चुम्लुङ सदस्य अमृत योङहाङको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा दुर्गा नेम्वाङले स्वागत तथा कार्यक्रमको औचित्य माथि प्रकाश पारेका थिए । सो अवसरमा च्याब्रुङ नाच, धान नाच प्रदर्शन गरिनुका साथै छेलो हान्ने खेल, हाँडी फुटाउने खेल, म्युजिकल चेयर र दौड प्रतियोगिता समेत भएको थियो ।

कार्यक्रममा कनकाई-७ का वडाध्यक्ष लीलाबहादुर कन्दङ्वा, वडासदस्य प्रकाश शिवाकोटी, बजार व्यवस्थापन समितिका अध्यक्ष देवीप्रसाद भट्टराई, रुद्र तवेबुङ, जसबहादुर आङथुपो, इक्साहाङ चेम्जोङ लगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन महेन्द्र कन्दङ्वाले गरेका थिए ।

त्यसैगरी बिर्तामोड-१० स्थित किरात राई यायोक्खा साकेलाथानमा किरात राई भवनको उद्घाटन गरिएको छ ।

झापा क्षेत्र नम्बर ३ का सांसद राजेन्द्र लिङ्देनले किरात राई योयोक्खा बिर्तामोड-८, ९ र १० वडा समितिको संयुक्त कार्यालय भवन उदघाटन गरेका हुन् । भवनको निर्माण सांसद लिङ्देनको सांसद विकास कोषबाट दश लाख रुपैयाँको लागतमा भएको हो ।

किरात राई यायोक्खा बिर्तामोड-१० नम्बर वडा समितिका अध्यक्ष टेकबहादुर राईको अध्यक्षता तथा सांसद राजेन्द्र लिङ्देनको प्रमुख आतिथ्यिमा भएको कार्यक्रममा उपाध्यक्ष सन्तोषकुमार राईले स्वागत गरेका थिए । कार्यक्रममा जग्गादाता स्व.सरस्वती राईको परिवार (छोरीज्वाइँ) ठाकुरचन्द्र श्रेष्ठ, संस्थाका संस्थापक अध्यक्ष धनबहादुर राई, किरात राई यायोक्खा जिल्ला सदस्य अर्जुनकुमार राई, साकेलाथान सल्लाहकार सदस्य हेमबहादुर राई, किरात राई यायोक्खाका पूर्व अध्यक्ष रघुवीर राई र साकेला नृत्य टोली संयोजक मीना राईलाई सम्मान गरिएको थियो ।

त्यसैगरी जातीय पहिचान झल्कने राई समुदायको साकेला, लिम्बू समुदायको च्याब्रुङ, सुनुवार समुदायको चण्डी नाच र सन्थाल नृत्य प्रस्तुत गरिएको थियो । यसअघि साकेलाथान माङहिममा पितृ तथा देवपूजा गरी प्रसाद वितरण गरिएको थियो । नयाँ अन्न, फलफूल आदि अर्पण गरिएको पूजामा सबै धर्म समुदायका व्यक्ति सहभागी थिए ।

सोही अवसरमा संस्थालाई लक्ष्मी देवानले २५ थान कुर्सी, बिमान राईले १० थान कुर्सी र जगतबहादुर बस्नेतले छ हजार रुपैयाँ, पृथ्वी बस्नेतले सिलिङ फेन एक थान र अर्जुन-विनिता राईले टेबल एक थान सहयोग गर्ने बचन दिएका थिए ।

कार्यक्रममा वडाध्यक्ष दुर्योधन गुरुङ, किरात राई यायोक्खा जिल्ला सदस्यहरु अर्जुनकुमार राई, लक्ष्मी देवान, सुनुवार सेवा समितिकी अध्यक्ष मनु सुनुवार, बसन्त सहकारीका अध्यक्ष रुपनारायण मुखिया, विशाल कृषि सहकारीका अध्यक्ष पृथ्वी बस्नेत, किरात माङहिमका अध्यक्ष रिमानध्वज लोक्ताम, कृष्ण प्रणामी सत्संगका अध्यक्ष धनपति बराल, किरात राई यायोक्खा बुट्टाबारीका अध्यक्ष जगत राई, चन्द्रकला राई लगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन संस्थाका सचिव खेमराज राईले गरेका थिए ।

उता पाँचथर जिल्लाको फाल्गुनन्द-५ स्थित घुर्बिसे पञ्चमीमा शान्ति बालविकास इङ्लिस स्कूलले चासोक तङ्नाम (उधौली) पर्वका अवसरमा रजत जयन्ती मनाएको छ । विद्यालय व्यवस्थापन समिति अध्यक्ष दानबहादुर अधिकारीको अध्यक्षता तथा गाउँपालिका उपाध्यक्ष देवित्राकुमारी आङ्देम्बेको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा विद्यालयद्वारा प्रकाशन भएको स्मारिका लोकार्पण गरिएको थियो ।

कार्यक्रममा च्याब्रुङ्ग नाच, हाँडी फुटाउने, नृत्य, हस्त लेखन, भाले झार्ने लगायतका प्रतियोगितामा विजेतालाई प्रमाणपत्र तथा नगद पुरस्कार प्रदान गरिएको थियो । कार्यक्रममा स्थापनाकालदेखि विद्यालयलाई सहयोग पेऱ्याउँदै आएका डिगम्बीर नेम्वाङ, सारानाथ पोखेल, कविन्द्र लावती, मनकुमार चेम्जोङ, बलिराज नेम्वाङ, ओम कार्की, लगन विक्रम चेम्जोङ, कविन्द्र नेम्वाङ र टीकाचन्द्र चेम्जोङलाई सम्मान तथा अभिनन्दन गरिएको सञ्चालक तथा प्रधानध्यापक डिएम आङ्देम्बेले जानकारी दिए । कार्यक्रममा गत वर्ष एसईई परीक्षामा उत्कृष्ट ग्रेड ल्याउने विद्यार्थीलाई समेत सम्मान गरिएको थियो ।

२०७२ सालको एसएलसी परीक्षामा जिल्लाकै उत्कृष्ट नतिजा निकाल्न सफल यस विद्यालयलाई ३६औं विश्व साक्षरता दिवसका अवसरमा शिक्षा मन्त्रालयले प्रंशसापत्र प्रदान गरेको संस्थापक सन्तवीर आङेदेम्बेले बताए । उनले विद्यार्थीहरुलाई खेलकुद सामग्री समेत हस्तान्तरण गरेका थिए । शिक्षक योमनाथ भण्डारीले स्वागत गरेको कार्यक्रमको सञ्चालन निमित्त प्रधानध्यापक बुद्धसिंह केसीले गरेका थिए ।

# भ्रमण किन गर्ने ?



मानिस दुःखी छ । यही कुराले पनि दुःखी छ कि आफूले भने जस्तो जिन्दगी भोग्न पाएको छैन । सोच्न पाएको छैन । कारण, मानिस आफै चलेको छैन । अरु कसैले चलाएको छ । अरुबाट नै सञ्चालित छ । यसो भइरहँदा मानिसले स्वतन्त्रपूर्वक आफ्नो विचार राख्न पाएको छैन । मानिसका विभिन्न सौख हुन्छन् । सपना हुन्छन् । कसैको खेल्ने, कसैको लेख्ने, कसैको के बन्ने सौख हुन्छ । यी नै सौख मध्यका घुम्नु पनि एउटा सौख हो । सपना हो ।

**यात्रा गर्न सबैलाई मनपर्छ**

हुन त यात्रा गर्न, नयाँ ठाउँ घुम्न कसलाई पो मन पर्दैन होला र ? स्वभावले नै मानिस ज्ञानको भोको छ । नयाँ कुराको अन्वेषण गर्न चाहन्छ । किन मानिसहरु आफ्नो प्यारो घरपरिवार छाडेर संसारभरि भौतारिन्छन् ? किन मानिस घुम्न चाहन्छन् भन्ने धेरै कारण छन् । कारणहरु व्यक्ति नै पिच्छे फरक हुन सक्छन् । मतमतान्तर हुन पनि सक्छ । तर, पनि केही कारणहरु यस्ता पनि हुन सक्छन् ।

**केही सिक्न**

घर छाडेर हिँड्नु भनेको आफैंलाई बुझ्नु हो । जिन्दगी बुझ्नु हो । घरायसी, व्यवसायिक तथा मानसिक दबाबबाट टाढा बस्नु हो । सिक्नुको अर्थ ज्ञान आर्जन गर्नु हो । आफूसँग भएको अनुभवले मान्छेलाई खार्छ । कुनै पनि ठाउँको विशेष कुराहरु तथा देशको प्रबिधिबाट केही सिकेर त्यसको अनुशरण गर्नु राम्रो पक्षमा पर्छ ।

**पीडाबाट भाग्न**

सम्बन्ध बिच्छेद, आफ्न्त गुमाउनुको पीडा, लागूऔषध दुर्व्यसनीको लत हटाउन तथा अभ्यस्त बन्न पनि मानिस घुम्ने गर्दछ । एकै ठाउँमा बसेर पीडा भुल्न गाह्रो हुन्छ । बारम्बार यादहरुले पोल्ने गर्दछ । ती नै यादहरुलाई थन्क्याएर मान्छे पीडाबाट भाग्न चाहन्छ ।

**उत्सव मनाउन**

भागदौडको समय छ । मानिसलाई खान खाने समेत फुर्सद छैन । व्यस्तताका बाबजुद मानिस आफूलाई आनन्दित राख्न चाहन्छ, सुखी राख्न चाहन्छ । र, जागिरबाट बचेको समयलाई, केही अवसरमा पाएको विदालाई सदुपयोग गर्न देश विदेश चाहर्छ ।

**ज्ञानको क्षेत्र बढाउन**

मानिसमा ज्ञान सिमित छ । हर समय मानिस ज्ञानको क्षेत्र बढाउन चाहन्छ । कुन ठाउँमा के भइरहेको छ ? र, कुन, कस्तो संस्कृति अँगालिरहेको छ भन्ने कुराको ज्ञान दिन्छ ।

**पारिवारिक सम्बन्ध मजबुत बनाउन**

बिभिन्न विकसित देशहरुले आफ्ना नागरिक तनाबमुक्त हुन भनेर घुम्नका लागि खर्च छुट्याएका हुन्छन् । यही मेलोमेसोमा पारिवारिक सदस्य लिएर घुम्न निस्कन्छ । प्रकृतिमा कावा खाँदै सुन्दर विचरण गर्छन् । प्रकृतिमा समाहित भएर आफूलाई चिन्छन् । आफू बाच्नुको अर्थ बुझ्छन् । यसो गर्दा परिवारमा आपसी सम्बन्ध अझ मजबुत बनेर निश्चय नै जान्छ ।

**विश्व चर्चित भ्रमण गर्ने तरिका**

के केही मानिसहरुले भ्रमण गरेको बखतमा अरुभन्दा फरक अनुभव गर्न सक्छन् ? या सबै मानिसहरुले एकै किसिमको अनुभव गर्छन् ? कुनै व्यक्ति विशेष वा समय विशेष कुनै स्थानबाट लिन सकिने अनुभव फरक हुन्छ ? यदि हुन्छ भने त्यसलाई के कुराले फरक पार्छ ?

मानिसहरु जो भ्रमण गरिरहन्छन् र घुम्नमा रुची राख्छन्, उनीहरुका अनुसार कसरी घुमिन्छ भन्ने कुराले कुनै स्थानबाट प्राप्त गरिने अनुभवहरु फरक-फरक हुन्छन् । यहाँ हामी विश्वका मानिसहरु सामान्यतया कुन-कुन किसिमले घुम्छन् भन्ने जानकारी दिन गइरहेका छौं । यो तरिका सही वा यो तरिका गलत भन्नुभन्दा पनि समय र व्यक्तिको रुची अनुसार यी कुराहरु तय हुन्छन् ।

**सुस्त भ्रमण**

यो खासमा एक प्रकारको हिप्पीहरुको घुम्ने तरिका हो । कुनै विशेष व्यवसायिक प्रयोजन बाहेक कुनै स्थानको भ्रमण गर्दा अपनाइने यो विधि हिप्पीहरु पछि एकदमै प्रचलित हुँदै आयो । सुस्त भ्रमणको अर्थ हो, कुनै एकै स्थानमा लामो समय बसिरहनु । सुस्त भ्रमणमा रमाउँनेहरु कुनै एक स्थान छनौट गर्छन् र त्यही स्थानमा सामान्यतया महिनौ बिताउँछन् । सुस्त भ्रमण गर्नेहरुले चाँडो चाँडो स्थान फेरिरहनेहरुलाई पर्यटक भन्छन् भने आफूलाई घुमन्ते भन्न रुचाउँछन् । चाँडो कुनै स्थानको भ्रमण गरेर सक्ने पर्यटकहरुले स्थानको रमाइलो र वास्तविक अनुभव गर्न नसक्ने दाबी सुस्त भ्रमण गर्नेहरुको हुने गर्छ ।

**शिघ्र भ्रमण**

मानौं, तपाईको केही हप्ताको बिदा छ । यस्तो अवस्थामा तपाई के गर्नुहुन्छ ? सकेसम्म धेरै ठाउँ घुमेर थोरै भए पनि सबै ठाउँ पुग्न चाहनुहुन्छ । यो सोचाइ पनि गलत होइन । खासमा शिघ्र भ्रमण गर्न रुचाउनेहरुलाई एकै ठाउँमा लामो समय बस्नु समयको बर्बादी गर्नु हो भन्ने लाग्छ । जस्तैः तपाई मुस्ताङ घुम्न जाने हुनु भयो । बाटो पर्ने तातोपानीमा केही घण्टा बस्नु भयो, मार्फाको स्याउ चाख्नु भयो र अर्को दिन जोमसोममा बस्नु भयो ।

सोही दिन मुक्तिनाथ पुगेर कागबेनी एकछिन डुलेर फर्किनु भयो । यसको अर्थ यो होइन कि तपाईले सो ठाउँको अनुभव नै गर्नु भएन । शिघ्र भ्रमण गर्नेहरुलाई लाग्छ, जति दिन बसे पनि तातोपानीको अनुभव उस्तै हो । मार्फाको स्याउको स्वाद उही हो र जोमसोममा उस्तै हावा चल्छ । यसैले उनीहरुले स्थान विशेषको मुख्य कुराहरु घुमेर वा अनुभव गरेर चाँडोभन्दा चाँडो आफ्नो भ्रमण टुंग्याउने गर्छन् ।

**सौखका केही दिन**

घुम्नुको अर्थ ठाउँहरु हेर्नु मात्रै पनि होइन । कसै-कसैलाई आफ्नो नियमित दिनचर्यादेखि वाक्क लागेको हुन्छ । उनीहरु केही दिन कुनै राम्रो होटल वा रिसोर्टमा गएर आफूलाई मन परेको पेय पिउँदै आफ्ना परिवार वा नजिकका मानिसहरुसँग दिन बिताउन चाहन्छन् । यस्ता पर्यटकहरु व्यस्त वा एकनाशको जिन्दगीबाट केही सौखका दिनहरु बिताउने उद्देश्यमा हुन्छन् ।

**समूह भ्रमण**

एक्लै हिँड्नु सबैको रोजाइ हुँदैन । यसैले मन मिल्ने मानिसहरुको समूह बनाएर मानिसहरु घुम्न निस्किन्छन् । उनीहरु चिनेका मानिसले भरिएको बसमा चढेर शहर घुम्नु, मन्दिरहरु घुम्नुमा रमाइलो मान्छन् । हुन पनि आफुले चिनेका मानिसहरुसँग बसेर नयाँ ठाउँको समूहमा अनुभव गर्दा रमाइलो हुन्छ । कुनै कुरामा हरेकले दिने प्रतिक्रियाहरु फरक-फरक हुन्छन् । अझ ती सबै चिनजानका र निकट मानिसहरु हुन्छन् भने त्यो झन् रमाइलो र स्मरणयोग्य हुन्छ ।

**झोले भ्रमण**

तपाई ठूलो झोला बोकेर घुम्न निस्कनु भएको छ । तपाईलाई दिउँसोको खाजा खान मन लाग्छ, तपाई झोला खोल्नु हुन्छ, खाजा त्यही छ । रात पऱ्यो, सुत्नलाई कुनै भुइँमा स्लिपिङ ब्याग ओछ्याए मात्रै पनि पुग्छ । असाध्यै धेरै मितव्ययी भएर आफूलाई आवश्यक सबै जसो सामानहरु बोकेर गरिने भ्रमणलाई झोले भ्रमण भनिन्छ । नेपालीहरु माझमा यस्तो भ्रमण खासै प्रचलित छैन । तर, नेपाल घुम्न आउने केही पर्यटकहरु यस्तो भ्रमणमा देखिन्छन् । धेरै लोभी वा गरीब भनेर चिनिने यस्ता घुमन्तेहरु सकेसम्म कम खर्चमा धेरै ठाउँ घुम्न चाहन्छन् । *उज्यालो पाटो*

# 'रावण' बने गजित



हुन त, अहिले युटुबमा भाइरल गीतको भ्यूज बढी आउँछ । भाइरल हुनेखालका गीत गाउन गायक-गायिका पनि अग्रसर छन् । भिडियो बनाउनेहरू पनि भाइरल मोडलकै खोजी गर्छन् ।

भ्यूज धेरै जाने बित्तिकै गीत हिट भनेर मख्ख हुने चलन पनि छ । यसले भिडियोमा क्रिएशन भने हराउँदै गएको छ । छोटो समयको चर्चाका लागि सस्तो लोकप्रियता खोज्दा सर्जकको मौलिकता र सृजना हराउँदै गएको छ ।

तर, कहिलेकाहीँ केही भिडियो यस्तो पनि बन्छन् जसमा क्रिएशन देख्न पाइन्छ । मनिष बशिष्टको शब्द, संगीतमा तयार भएको 'रावण' गीतले यो कुराको पुष्टी गर्छ । यो गीतमा साजल न्यौपाने र मनिष बशिष्टको आवाज छ ।

भिडियोमा नायक गजित बिष्टलाई रावण अवतारमा देख्न सकिन्छ । गम्भीर विष्टको निर्देशनमा तयार भएको यो भिडियोमा गजित बिष्टको कोरियोग्राफी, नवराज उप्रेतीको छायांकन, नवीन निरौलाको सम्पादन छ ।

भिडियोमा गजित बिष्टलाई मात्र देख्न सकिन्छ । तर, उनले आफूलाई भर्सटायल कलाकारको रूपमा प्रस्तुत गरेका छन् ।